| शिक्षा, कला, भाषा तथा साहित्य उप-क्षेत्रका वडा स्तरीय अन्य कार्यक्रम (शैक्षिक तथा भौतिक विकास सम्बन्धि) | ४ | ३ | ३ |
| **जनस्वास्थ्य तथा पोषण** | | | |
| अस्पताल फार्मेसी सञ्चालन कोष | ३ | ३ | ३ |
| अस्पताल एम्बुलेन्स खरिद | ३ | ३ | ३ |
| दिर्घरोग मासिक उपचार खर्च | ३ | ३ | ३ |
| विपन्न नागरिक निशुल्क स्वास्थ्य वीमा कार्यक्रम | ३ | ३ | ३ |

| क्षेत्र/उप-क्षेत्र | दिगो विकास लक्ष्य | लैंगिक उत्तरदायी बजेट | जलबायु अनुकुलन |
|---|---|---|---|
| अत्यावश्यक औषधि खरिद | ३ | ३ | ३ |
| आयुर्वेद औषधि खरिद | ३ | ३ | ३ |
| महिला स्वास्थ्य स्वयम सेविका मासिक बैठक तथा यातायात खर्च | ३ | १ | ३ |
| निशुल्क रक्त सञ्चार कार्यक्रम | ३ | २ | ३ |
| पञ्चकर्म थेरापी सञ्चालन | ३ | ३ | ३ |
| स्वास्थ्य तथा पोषण उप-क्षेत्रका पालिका स्तरीय अन्य कार्यक्रम | ३ | २ | ३ |
| **खाने पानी तथा सरसफाई** | | | |
| खानेपानी संस्थासँगको साझेदारीमा खानेपानी ल्याव स्थापना | ६ | २ | १ |
| खानेपानी तथा सरसफाई उप-क्षेत्रका पालिका स्तरीय अन्य | ६ | २ | १ |
| खानेपानी तथा सरसफाई उप-क्षेत्रका वडा स्तरीय अन्य कार्यक्रमहरु (इनार निर्माण, साझेदारीमा शौचालय निर्माण, रिजर्भ ट्याङ्की निर्माण, पाइप खरिद आदि) | ६ | २ | १ |
| **महिला, बालबालिका तथा सामाजिक समावेशीकरण** | | | |
| अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम साझेदारी | ५ | ३ | ३ |
| सामाजिक सुधार कार्यक्रम | ५ | ३ | ३ |
| विपन्नसँग अध्यक्ष उपाध्यक्ष कार्यक्रम | ५ | २ | ३ |
| महिला लक्षित कार्यक्रम (रोजगार मुलक कार्यक्रम) | ५ | १ | ३ |
| सामाजिक विकास कार्यक्रम | ५ | ३ | ३ |

| क्षेत्र/उप-क्षेत्र | दिगो विकास लक्ष्य | लैंगिक उत्तरदायी बजेट | जलबायु अनुकुलन |
|---|---|---|---|
| बाल मैत्री गाउँपालिका घोषणाका लागि तयारी | ५ | ३ | ३ |
| महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उप-क्षेत्रका पालिका स्तरीय अन्य कार्यक्रम | ५ | १ | ३ |
| **युवा, खेलकुद तथा नवप्रबर्तन** | | | |
| गाउँपालिका स्तरीय खेलकुद विकास प्रवर्द्धन | ३ | ३ | ३ |
| युवा तथा खेलकुद उप-क्षेत्रका पालिका स्तरीय अन्य कार्यक्रम | ३ | ३ | ३ |
| युवा तथा खेलकुद उप-क्षेत्रका वडा स्तरीय कार्यक्रम (न्यू स्टार फुटवल क्लव स्टेज छाना निर्माण तथा ढलान, मिडिया कप फुटवल प्रतियोगिता लगायत) | ३ | ३ | ३ |
| **सामाजिक सुरक्षा तथा पंजीकरण** | | | |
| पञ्जिकरण व्यवस्थापनका लागि डिभाइस खरिद तथा तालिम | १६ | ३ | ३ |
| **पूर्वाधार क्षेत्र** | | | |
| **बस्ती विकास, आवास तथा भवन** | | | |
| गाउँपालिकाको प्रशासनिक भवन निर्माण | ९, ११ | ३ | ३ |
| एकिकृत विपद व्यवस्थापन केन्द्र निर्माण साझेदारी | ९, ११ | ३ | ३ |
| झोलुङ्गे पुल क्षेत्रमा व्यवसायिक टहरा निर्माण | ९, ११ | ३ | ३ |
| भूकम्प प्रतिरोधी, सुलभ तथा प्रबिधि मैत्री डकर्मी तालिम | ९, ११ | ३ | ३ |
| ज्येष्ठ नागरिक भवन निर्माण वडा नं ४ | ९, ११ | २ | ३ |
| गणेशमान सिंह स्मृति प्रतिष्ठान भवन निर्माण तथा मर्मत | ९, ११ | ३ | ३ |

| क्षेत्र/उप-क्षेत्र | दिगो विकास लक्ष्य | लैंगिक उत्तरदायी बजेट | जलबायु अनुकुलन |
|---|---|---|---|
| राम प्रधान स्मृति केन्द्रको सामुदायिक भवन निर्माण | ९, ११ | ३ | ३ |
| बुधवारे जेसीज भवन निर्माण सहयोग | ९, ११ | ३ | ३ |
| ५ नं. वडा कार्यालय भवन मर्मत | ९, ११ | ३ | ३ |
| ४ नं. वडा कार्यालय भवन मर्मत | ९, ११ | ३ | ३ |
| २ नं. वडा कार्यालय भवन मर्मत | ९, ११ | ३ | ३ |
| Schmidt Hammer खरिद | ९ | ३ | ३ |
| १ नं. वडा कार्यालय भवन मर्मत | ९, ११ | ३ | ३ |
| ३ नं. वडा कार्यालय भवन मर्मत | ९, ११ | ३ | ३ |
| ६ नं. वडा कार्यालय घेरावारा | ९, ११ | ३ | ३ |
| सशस्त्र प्रहरी शिक्षालय साझेदारी | १६ | ३ | ३ |
| भवन,आवास तथा बस्ती विकास उप-क्षेत्रका पालिका स्तरीय अन्य कार्यक्रम (भवन निर्माण तथा मर्मत कार्यक्रम) | ११ | ३ | ३ |
| भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रका वडा स्तरीय कार्यक्रमहरु | ११ | ३ | ३ |
| **सडक, पुल तथा यातायात** | | | |
| मर्मत सम्भार कोष | ९, ११ | ३ | ३ |
| पूर्वाधार निर्माण साझेदारी कार्यक्रम ७०/३० | ९, ११ | ३ | ३ |
| ह्युमपाइप खरिद | ९, ११ | ३ | ३ |
| विभिन्न पेभर्स सडक निर्माण | ९, ११ | ३ | ३ |
| छवि घिमिरेको घर दक्षिण पैनीमा ड्रेन निर्माण | ९, ११ | ३ | ३ |

| क्षेत्र/उप-क्षेत्र | दिगो विकास लक्ष्य | लैंगिक उत्तरदायी बजेट | जलबायु अनुकुलन |
|---|---|---|---|
| सडक, पुल तथा यातायात उप-क्षेत्रका पालिका स्तरीय अन्य कार्यक्रम (ड्रेन, सडक निर्माण तथा स्तारुन्नती) | ९, ११ | ३ | ३ |
| सडक, पुल तथा यातायात उप-क्षेत्रका वडा स्तरीय अन्य कार्यक्रम (क्यानल निर्माण, फलामे पुल निर्माण, ढलान, स्लाब निर्माण, नाला निर्माण, कल्भर्ट निर्माण लगायत) | ९, ११ | ३ | ३ |
| **जलश्रोत, विद्युत तथा स्वच्छ ऊर्जा** | | | |
| वैकल्पिक उर्जा/स्वच्छ चुलो कार्यक्रम साझेदारी | ७ | ३ | २ |
| जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रका पालिका स्तरीय अन्य (सडक बत्ती तथा सोलर प्यानल) | ७ | ३ | ३ |
| जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रका वडा स्तरीय कार्यक्रमहरु (सडक वत्ति जडान, विद्युत पोल र तार खरिद, उज्यालो कार्यक्रम लगायत) | ७ | ३ | २ |
| **सुचना तथा संचार प्रविधि** | | | |
| ICT सम्बन्धी प्रणाली, सामग्री व्यवस्थापन तथा कार्यक्रम सञ्चालन | ८, ९ | ३ | ३ |
| Smart Board, CCTV, IP Telephone/Intercom लगायतका उपकरण थप तथा सेवा विस्तार | ८, ९ | ३ | ३ |
| सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रका पालिका स्तरीय अन्य कार्यक्रमहरु (Network व्यवस्थापन, पुस्तक खरिद तथा AI को उपयोग) | ८, ९ | ३ | ३ |
| वडा स्तरका कार्यक्रम (पत्रपत्रिका तथा सञ्चार, सामूदायिक विद्यालयमा आधारभूत आत्मरक्षा तालिम) | ८, ९ | ३ | ३ |
| **वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र** | | | |
| **वन, भू-संरक्षण तथा जैविक विविधता** | | | |

| क्षेत्र/उप-क्षेत्र | दिगो विकास लक्ष्य | लैंगिक उत्तरदायी बजेट | जलबायु अनुकुलन |
|---|---|---|---|
| वन, भू-संरक्षण तथा जैविक विविधता उप-क्षेत्रका पालिका स्तरीय कार्यक्रम (मुहान संरक्षण तथा अन्तरक्रिया कार्यक्रम ) | १५ | ३ | १ |
| जोगी डाँडाको पूर्वपट्टी भिरमा जाली घेराबारा | १५ | ३ | २ |
| **वातावरण तथा फोहोरमैला व्यवस्थापन** | | | |
| वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रका पालिका स्तरीय कार्यक्रम (नाला  उद्यान निर्माण तथा वातावरण सरसफाई कार्यक्रम) | ६ | ३ | १ |
| वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रका वडा स्तरीय कार्यक्रम ( जयपूर बजार सरसफाई कार्यक्रम, डस्टविन राख्ने, बृक्षरोपण, शौचालय निर्माण) | ६ | ३ | १ |
| **विपद्जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन** | | | |
| विपद् व्यवस्थापन कोष | १५ | ३ | ३ |
| टिमाई खोला तटवन्धन (पानीघट्टा) | १५ | ३ | २ |
| टिमाई खोला तटवन्धन | १५ | २ | २ |
| विरिङ खोला फोहोर व्यवस्थापन स्थल तटवन्धन | १५ | २ | २ |
| **संस्थागत विकास तथा सुशासन क्षेत्र** | | | |
| **नीति, कानून, न्याय र सुशासन** | | | |
| आन्तरिक नियन्त्रण प्रणाली निर्माण | १७ | ३ | ३ |
| नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रका पालिका स्तरीय अन्य कार्यक्रमहरु | १७ | ३ | ३ |
| नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रका वडा स्तरीय  कार्यक्रमहरु (करदाता शिक्षा कार्यक्रम, असल अभ्यास आदान प्रदान कार्यक्रम) | १७ | ३ | ३ |

| क्षेत्र/उप-क्षेत्र | दिगो विकास लक्ष्य | लैंगिक उत्तरदायी बजेट | जलबायु अनुकुलन |
|---|---|---|---|
| **संगठन मानव संशाधन र क्षमता विकास** | | | |
| इन्जिनियरिंङ्ग परामर्श सेवा खरिद | १६ | ३ | ३ |
| समपुरक कोष | १६ | ३ | ३ |
| कर्मचारी कल्याण कोष | १६ | ३ | ३ |
| कर्मचारी सामाजिक सुरक्षा कोष | १६ | ३ | ३ |
| भूमिहीन तथा अव्यवस्थित बसोबासीहरुको जग्गाको नाप नक्साको अध्यावधिक र तथ्याङ्क व्यवस्थापन | १६ | ३ | ३ |
| भूमी शाखा सञ्चालन तथा व्यवस्थापन र प्रशासनिक खर्च | १६ | ३ | ३ |
| संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह उप-क्षेत्रका पालिका स्तरीय अन्य कार्यक्रमहरु (क्षमता विकास, तालिम तथा कर्मचारी विकास कार्यक्रम ) | १६ | ३ | ३ |
| संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह उप-क्षेत्रका वडा स्तरीय कार्यक्रमहरु ( नागरिकसँग जनप्रतिनिधी, कार्यालय मसलन्द, विपन्न नागरिक टिनको छाना, आर्थिक सहायता लगायत) | १६ | २ | ३ |
| इन्जिनियरिंङ्ग परामर्श सेवा खरिद | १६ | ३ | ३ |

# परिच्छेद ३
# आर्थिक क्षेत्र

## ३.१ कृषि तथा खाद्य शुरक्षा

### ३.१.१ पृष्ठभूमि

नेपाल जस्तो ग्रामिण देशमा आर्थिक समृद्धि हासिल गर्ने मूल आयाम कृषि क्षेत्र रही आएको छ। भूमिको व्यवस्थापन, कृषिको व्यावसायीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने जस्ता कुरा संविधानमा नै उल्लेख गरिएको छ। कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था गर्ने जस्ता महत्त्वपूर्ण कृषिसम्बन्धी नीति निर्धारण गरेको छ। यसका लागि कृषि बालीको उत्पादन र उत्पादकत्व वृद्धि, भण्डारण र बजारीकरण, पशुपक्षी तथा मत्स्य प्रजनन एवम् नस्ल सुधार, आहार तथा पोषण, पशु स्वास्थ्य र बजार प्रवर्द्धनमा गाउँपालिकाले विशेष महत्त्वका साथ अगाडि बढ्नु पर्ने हुन्छ।

केन्द्रीय तथ्याङ्क विभागको प्रतिवेदन, २०७८ अनुसार कोशी प्रदेशको कुल ग्राहस्त उत्पादनमा कृषि क्षेत्रको योगदान एक तिहाइभन्दा बढी (३५.२ प्रतिशत) रहेको छ। कृषि क्षेत्रमा उपयोग भएको औसत कृषि जमिन ०.६६ हेक्टर रहेको छ। कृषि जमिनको खण्डीकरणले यो अनुपात घट्दो क्रममा छ। भने बुद्धशान्ति गाउँपालिकाको कुल ग्राहस्त उत्पादनमा कृषि क्षेत्रको योगदानको एकिन तथ्यांक नभए पनि यसको अंक सामान्य रहेको छ।

### ३.१.२ समस्या तथा चुनौती

बुद्धशान्ति गाउँपालिकाको आर्थिक, सामाजिक तथा भौतिक विकासका लागि धेरै चुनौतीहरु छन्। पर्यावरणीय महत्व बोकेको यस गाउँपालिकामा बाढी पहिरो तथा भू-क्षय नियन्त्रण एउटा ठूलो चुनौतीको रुपमा रहेको छ। न्यून गुणस्तरको पूर्वाधार र नाला निकास रहित सडकहरु भएकाले वर्षा याममा हुने ढल निकासको समस्या पनि एउटा चुनौतिको रुपमा रहेको छ। स्थानीय स्तरमा व्यावसायीक कृषि उत्पादन हुन नसक्नु, उत्पादित फसल तथा उपजहरुको उचित मूल्य लिन नसक्नु, भण्डारण गर्ने आधुनिक भण्डारण कक्ष नहुनु, आर्थिक व्यापारिक कारोबार धाराशायी बन्दै गएको छ। अव्यवस्थित बसोबास, जग्गा अतिक्रमण, खेतीयोग्य जमिन टुक्रिने क्रम पनि अर्को समस्याको रुपमा रहेको छ।

जमिनको खण्डीकरण एवम् कृषिको व्यावसायीकरण हुन नसक्नु, सिँचाइको पर्याप्तता नहुनु, विद्यमान सिँचाइ आयोजना पूर्ण क्षमतामा उपयोग हुन नसक्नु, प्रशोधन क्षमताको कमी एवम् न्यून मूल्य अभिवृद्धि हुनु, कृषकमा नयाँ प्रविधिको पहुँच र समयमा उन्नत बिउ तथा रासायनिक मलको उपलब्धता नहुनु, जैविक तथा प्राङ्गारिक कृषि सम्बन्धी ज्ञानको अभाव हुनु, बाली बिरुवामा लाग्ने रोग, किरा तथा महामारी व्यवस्थापन र सुधारिएको कृषि प्रणालीसम्बन्धी जानकारी कमी हुनु आदि समस्या हुन्।

### ३.१.३ क्षेत्रगत सोच

"वैज्ञानिक, व्यावसायिक, उच्च प्रतिफल युक्त निर्यातमुखी कृषि"

### ३.१.४ उद्देश्य

क. व्यवसायिक र उच्च प्रतिफलमुखी उत्पादनमा केन्द्रित हुनु,
ख. नमूना कृषि क्षेत्रको रुपमा विकास गर्नु,
ग. वातावरण मैत्री दिगो कृषि र कृषिमा आधारित उद्योगहरूको विकास गर्नु।

### ३.१.५ रणनीति

बुद्धशान्ति गाउँपालिकाको कृषीको बिकासका रणनीतिहरु निम्न अनुसार रहेका छन :

१. व्यावसायिक सोचको अभिवृद्धि गर्न कृषक अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने,
२. कृषि पकेट क्षेत्रको विकास गर्ने,
३. अत्यावश्यकीय कृषि सामाग्रीको पहुँच र उपलब्धता सुनिश्चित गर्ने,
४. खाद्यान्न तथा मल भण्डारण तथा विषादीको प्रयोगसम्बन्धी कृषक ज्ञान अभिवृद्धि गर्ने,
५. सहुलियतपूर्ण कृषि कर्जाको व्यवस्था गर्ने,
६. कृषि बिमालाई प्रभावकारी बनाउने,
७. असल अभ्यासहरूको अध्ययन र अवलोकन गर्ने,
८. सघन कृषि उत्पादन क्षेत्रको वर्गीकरण र घोषणा गर्ने,
९. कृषिको विकासका लागि आवश्यक भौतिक कृषि पूर्वाधारको क्रमशः विकास गर्दै नमूना कृषि क्षेत्र बनाउने।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजनामा रहेका कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छः

**तालिका ६ : कृषि उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व २०८०/०८१ सम्मको अवस्था | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| स्थानीय व्यावसायिक कृषि फार्म | संख्या | २ | ५ | १० | १५ | २० |
| अगुवा वा व्यावसायिक कृषक | संख्या | १०० | ११५ | १२० | १२५ | १३० |
| आलु व्यावसायिक उत्पादन क्षेत्र | हेक्टर | ३० | ३५ | ४० | ४५ | ५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| खाद्यान्न (धान, मकै, गहुँ र जौ) उत्पादन | मे.ट. | - | - | - | - | - |
| तरकारी उत्पादन (आलु सहित) | मे.ट. | - | - | - | - | - |
| व्यावसायिक कृषि नर्सरी | संख्या | ७ | ३ | ६ | ८ | १० |
| कृषि सहकारी संस्था | संख्या | ६७ | ६७ | ६८ | ६९ | ७० |
| कृषक समुह | संख्या | १५० | १५५ | १६० | १६५ | १७० |

*स्रोतः विषयगत विवरण*

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आयोजनाको संक्षिप्त विवरण, उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छः

**तालिका ७ : कृषि उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | प्रदेश सरकार | नेपाल सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ८७३० | ५२३८ | ३४९२ | ० | ६५४८ | १३१० | ८७३ | ० |
| २०८३/०८४ | ९६०३ | ५७६२ | ३८४१ | ० | ७२०२ | १४४० | ९६० | ० |
| २०८४/०८५ | १०५६३ | ६३३८ | ४२२५ | ० | ७९२२ | १५८४ | १०५६ | ० |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका ८ः कृषि उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | जैबिक प्राङ्गरिक खेति प्रबर्द्धन तथा बिषादी न्यूनिकरण सम्बन्धी कार्यक्रम | भूमिको उत्पदान र | सालबसाली | १००० | भूमिको उत्पदान र उत्पादकत्व वृद्धि भएको हुनेछ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उत्पादकत्व वृद्धि गर्नु | | | |
| २ | ५० प्रतिशत अनुदानमा च्यापकटर खरिद तथा वितरण कार्यक्रम | कृषि क्षेत्रको प्रवर्धन गर्नु | सालबसाली | ९०० | कृषि क्षेत्रको प्रवर्धन भएको हुनेछ। |
| ३ | तरल नाइट्रोजन सिमेन सिथ ग्लोब्स वितरण तथा कन्टेनर खरिद | कृषि क्षेत्रको प्रवर्धन गर्नु | सालबसाली | ५०० | कृषि क्षेत्रमा प्रबिधिको विकास भएको हुनेछ। |
| ४ | कृषि उप-क्षेत्रको पालिका स्तरीय अन्य कार्यक्रमहरु | कृषि क्षेत्रको प्रवर्धन गर्नु | सालबसाली | ३४३० | कृषि क्षेत्रको प्रवर्धन भएको हुनेछ। |
| ५ | कृषि क्षेत्रका वडा स्तरिय कार्यक्रमहरु (विषादी न्यूनीकरण, कृषि विकास, सिंचाइ, रातो मालबोक केराको विरुवामा अनुदान, कृषि यन्त्रीकरण, | कृषि क्षेत्रको प्रवर्धन गर्नु | सालबसाली | २९०० | वडा नं. १, २, ३, ४, ५, ६, ७ मा कृषि क्षेत्रको प्रवर्धन भएको हुनेछ। |

### ३.१.९ जोखिम तथा अनुमान

गाउँपालिकाले कृषि सम्वन्धी आवश्यक ऐन, कानुन, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरी सकेको हुनेछ। युवा बेरोजगारहरु कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरले लक्ष्य हासिल गर्नमा जोखिम रहन सक्दछ। साथै कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

बुद्धशान्ति गाउँपालिकामा सिंचाई सुविधा सबै वडामा प्राप्त भए पनि ४० प्रतिशत जमिन मात्र बाहै महिना सिंचाइ सुविधा उपलब्ध रहेकोछ। सिंचाई प्रणालीलाई प्रवर्धन गरेर सतह सिंचाई र स्प्रिङ कल प्रविधिमार्फत सबै खेति योग्य जमिनमा सिंचाई गर्न सकिने सम्भावना रहेको छ। यस गाउँपालिकामा सतहजलश्रोतको उपलव्धता पर्याप्त भएकोले सिंचाई लगायत माछा पालन, पर्यटन प्रवर्द्धन जस्ता अन्य क्षेत्रमा जलश्रोतको उपयोग गरी गाउँपालिकाको आर्थिक विकास गर्न सकिने अवसर छ।

### ३.२.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा सिंचाई योजनाहरु सञ्चालन गर्न भौगोलिक कारणले लागत कम र पानीका श्रोतहरु पनि पर्याप्त रहेता पनि पुरै खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुग्न नसक्नु यस गाउँपालिकाका प्रमुख चुनौति रहेका छन। गाउँपालिकामा वैकल्पिक सिंचाई सुविधाको अभ्यास नहुनु, बनेका सिंचाइ कुलो तथा पूर्वाधारहरूको नियमित मर्मत सम्भार हुन नसक्नु र सिंचाई प्रवर्धनको नीति अवलम्वन गर्न नसक्नु, पानीको स्रोतको उचित व्यवस्थापन हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन्।

### ३.२.३ क्षेत्रगत सोच

"बाह्रै महिना पूर्ण सिँचाईयुक्त गाउँपालिका"

### ३.२.४ उद्देश्य

क. सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिँचाई सुविधा पुर्याउनु,
ख. सिँचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु।

### ३.२.५ रणनीति

१. परम्परागत तथा वैकल्पिक प्रविधिको प्रयोग गरी खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुर्याउने,
२. उच्च प्रतिफल युक्त कृषि उत्पादनको सम्भावना बोकेका क्षेत्रलाई प्राथमिकतामा राखेर सिँचाई प्रणालीको विकास गर्ने,
३. कृत्रिम जलाशयहरू निर्माण गरी वैकल्पिक सिँचाई प्रर्वद्धन गर्ने,
४. संस्थागत संरचना सुदृढीकरण गर्ने।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालीन खर्च संरचनाको संक्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका ९ : सिंचाई उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य (हजारमा)**

| क्र.सं. | सूचक | एकाई | आ.व २०८०/०८१ सम्मको अवस्था | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| १ | सिंचित भुमि | प्रतिशत | ४० | ४१ | ४२ | ४३ | ४४ |
| २ | प्रयोगमा आएका सिंचाई प्रविधि | संख्या | ३ | ३ | ३ | ३ | ३ |
| ३ | सिंचाई प्रविधिको प्रकार | संख्या | २ | २ | ३ | ३ | ३ |
| ४ | नीजी स्यालो ट्युवेल | संख्या | ८९० | ९०० | १००० | १५०० | २००० |

*स्रोतः विषयगत विवरण*

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छः

**तालिका १० : विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | प्रदेश सरकार | नेपाल सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ३४०० | १३६० | २०४० | ० | २५५० | ५१० | ३४० | ० |
| २०८३/०८४ | ३७४० | १४९६ | २२४४ | ० | २८०५ | ५६१ | ३७४ | ० |
| २०८४/०८५ | ४११४ | १६४६ | २४६८ | ० | ३०८६ | ६१७ | ४११ | ० |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका ११: सिंचाई उप-क्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिंचाई उप-क्षेत्रका पालिका तथा वडा स्तरीय कार्यक्रमहरु (हडिया दामा, दंगाल, पृथ्वी नारायण गोविन्द स्मृती लगायतका पैनी आदिको मर्मत तथा सम्भार, ५०% साझेदारी सिँचाइका लागि इनार निर्माण, सिंचाई बोरिङ, बाह्रघरे सिंचाई आदि) इनार सिँचाई | कृषि उत्पादन बढाउनु | सालबसाली | ३४०० | वडा नं . १, २, ३, ४, ५ र ६ मा सिचाई सुविधा बिस्तार भएको हुनेछ। |

### ३.२.९ जोखिम तथा अनुमान

सङ्घीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा सिंचाईको विकास हुनेछ। उपयुक्त प्रविधिको अवलम्बन गरी सिंचाई व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने अनुमान गर्न सकिन्छ।

## ३.३ पशुपन्छी

### ३.३.१ पृष्ठभूमि

गाउँपालिकामा कृषि तथा पशुपन्छी फार्महरु सञ्चालनमा रहेका छन्। दुधमा आत्मनिर्भर बन्ने उद्देश्यले गाउँपालिकाक्षेत्रमा दूग्ध उत्पादक समुहहरु दर्ता भइरहेका छन्। पछिल्लो समयमा कृषि व्यवसायीहरु पशुपालनतर्फ आकर्षित बन्दै गएका छन्। गाउँपालिकामा पशु प्राविधिक परिचालन पर्याप्त हुन सकेको छैन। यो संख्या थप गरी प्राविधिकहरुको प्रत्यक्ष निगरानीमा पशुपन्छी फार्महरू सञ्चालन गरी आर्थिक क्षेत्रमा आमुल परिवर्तन गर्न सक्ने अवसर रहेको छ। व्यवसायिक पशुपन्छी पालनतर्फ व्यवसायिक भैसी फार्महरू सञ्चालनमा रहेका छन्।

### ३.३.२ समस्या तथा चुनौती

बुद्धशान्ति गाउँपालिकामा प्राविधिक ज्ञानको उपयोग गरी व्यवसायिक एवम् उन्नत तरिकाले पशुपन्छी पालन गराउनु, व्यवसायीकरणको वृद्धि गर्नु, प्रविधिहरुको उचित व्यवस्थापन गर्नु आदि यस क्षेत्रका चुनौतिको रुपमा रहेको छ। बजार प्रतिस्पर्धा गर्न नसक्नु, साना किसानहरुको दर्ताको प्रक्रिया पुरा हुन नसक्नु, पशु हाट नहुनु, आधुनिक किसिमको गोठ तथा खोरको कमी, उन्नत घाँस तथा दानाको व्यवस्था नहुनु, सरल कर्जा र बिमाको व्यवस्था नहुनु, प्रत्येक वडामा पशु प्राविधिक नरहनु, कृषि अनुदानमा सशर्त आनुदानका कार्यक्रम मात्र भएको गाउँपालिकाको आन्तरिक बजेट नहुनु, दक्ष जनशक्तिको अभाव रहनु, भेटेरीनरी प्रसार सेवाको कमी हुनु जस्ता पक्षहरु समस्याको रुपमा रहेका छन्।

### ३.३.३ क्षेत्रगत सोच

“व्यावसायिक पशुपन्छी तथा मत्स्यपालन मार्फत आर्थिक समृद्धि”

### ३.३.४ उद्देश्य

क. पशुपन्छीपालनलाई व्यावसायिक बनाउनु,
ख. पशुपन्छीजन्य उत्पादनमा निर्यात प्रर्वद्धन गर्नु,
ग. माछाको व्यावसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु।

### ३.३.५ रणनीति

१. पशुपन्छी पालनमा व्यावसायिकता अभिवृद्धि गर्न कृषक अभिमुखीकरण गर्ने,
२. युवा उद्यमीहरूलाई यसतर्फ आर्कषण गर्न विशेष सहुलियत प्रदान गर्ने,
३. पशुपन्छी उत्पादनलाई आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता वृद्धि गर्ने,
४. कृषि तथा पशुपन्छी तथ्याङ्क प्रणालीको विकास गर्ने,

५. पशुपन्छीजन्य उत्पादनको निर्यात गर्ने,
६. माछापालनमा इच्छुक कृषक पहिचान गर्ने,
७. माछाका भूरामा अनुदान दिने,
८. माछाको स्थानीय माग पूरा गरी निर्यात गर्ने,
९. पोखरी निर्माणमा अनुदान तथा सहुलियत दिने,

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालीन खर्च संरचना कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका १२: पशुपन्छी उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व.२०८०/०८१ सम्मको अवस्था | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| भैसी फार्म | संख्या | ४ | ६ | १० | १२ | २० |
| गाई फार्म | संख्या | ३५ | ४० | ४५ | ६० | ६५ |
| बाखा फाम | संख्या | ८५ | ९० | ९० | १०० | १०५ |
| बंगुर फार्म | संख्या | ३५ | ४० | ४५ | ५० | ५५ |
| लेयर्स कुखुरा फाम | संख्या | २ | ४ | ५ | ६ | ८ |
| ब्रोइलर कुखुरा फार्म | संख्या | २५ | ३५ | ४० | ४५ | ५० |
| सक्रिय पशुपालन समूह | संख्या | ६ | ८ | १० | १२ | १५ |
| दुग्घ सहकारी संस्था | संख्या | ५ | ७ | ८ | १० | १२ |
| दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | ३ | ३ | ४ | ५ | ८ |
| भुइघाँसको व्यावसायिक उत्पादन क्षेत्र | हेक्टर | १५ | १५ | १८ | २० | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | २४ | २४ | २५ | २६ | २७ |
| कृत्रिम गर्भाधान केन्द्र | संख्या | २ | २ | ४ | ६ | ७ |
| पशुपंक्षी वधशाला | संख्या | - | - | १ | २ | ३ |

*स्रोतः विषयगत विवरण*

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशपन्छी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छः

**तालिका १३ : पशुपन्छी उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा श्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान रु. हजारमा | | | | बजेट श्रोत रु हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | प्रदेश सरकार | नेपाल सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २६७० | १६०२ | १०६८ | ० | २००३ | ४०१ | २६७ | ० |
| २०८३/०८४ | २९३७ | १७६२ | ११७५ | ० | २२०३ | ४४१ | २९४ | ० |
| २०८४/०८५ | ३२३०.७ | १९३८ | १२९२ | ० | २४२३ | ४८५ | ३२३ | ० |

### ३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छः

**तालिका १४: पशुपन्छी उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि(सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पशुसेवा शाखाबाट निशुल्क दिने औषधि खरिद वितरण कार्यक्रम | पशुपन्छीको उपचार गर्नु | सालबसाली | ५२० | पशुपन्छी उपचारको लागि औषधि वितरण भएको हुनेछ। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | पशुपन्छी उप-क्षेत्रका पालिका स्तरीय अन्य कार्यक्रमहरु | पशुपन्छी क्षेत्रको प्रवर्धन भएको हुनेछ | सालबसाली | १२५० | पशुपन्छी क्षेत्रको प्रवर्धन भएको हुनेछ। |
| ३ | पशुपन्छी उप-क्षेत्रका वडा स्तरीय कार्यक्रमहरु (पशुमा ए.आइ., पशुपन्छी विकास, पशु विमा, आदि) | पशुपन्छी क्षेत्रको प्रवर्धन भएको हुनेछ | सालबसाली | ९०० | वडा नं. १, २, ३, ४, ५, ६ र ७ मा पशुपन्छी पालनमा सहयोग भएको हुनेछ। |

### ३.३.९ जोखिम तथा अनुमान

सङ्घीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सिप विकास हुनेछ। वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। प्रविधि, पशु प्रसार, चरण क्षेत्र र आहार, पशुपन्क्षी उपचार एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने अनुमान गर्न सकिन्छ।

## ३.४ उद्योग व्यापार तथा व्यवसाय

### ३.४.१ पृष्ठभूमि

बुद्धशान्ति गाउँपालिकामा मुख्यतया कृषि पेशामा संलग्न घरपरिवारको संख्या बढी भएकोले विशेषगरी कृषिमा आधारित साना तथा मझौला उद्योग र अन्य घरेलु उद्योगहरू यहाँ सञ्चालनमा रहेका छन। गाउँपालिकाको कुल क्षेत्रफलमध्ये ०.१७ प्रतिशत भू-भाग औद्योगिक क्षेत्रले ओगटेको छ। यहाँ व्यावसायिक रूपमा गाई, भैंसी, बंगुर, माछा, कुखुरा, बाख्रा आदि पालन भइरहेको छ। यस गाउँपालिकाभित्र पोल्ट्री फर्म, राइस मिल, गाईपालन, तेल मिल, टेलर्स, होटल एण्ड रिसोर्ट आदि जस्ता व्यवसायहरु सञ्चालन भइरहेका छन भने थुक्पा उद्योग, साबुन उद्योग, सुपारी प्रशोधन केन्द्र, मिनिरल वाटर फ्याक्ट्री, ग्रिल उद्योग जस्ता ठुला उद्योगहरु पनि सञ्चालनमा रहेका छन। यसका साथै वडा नं. १ र ३ मा अवस्थीत बुधबारे बजारमा प्रत्येक बुधबारे, वडा नं. २ को जयपुर बजारमा प्रत्येक सोमबार र वडा नं. ४ को शुक्रबारे बजार, सोमबार बजार, मंगलबारे बजार, आइतबारे बजारमा प्रत्येक शुक्रबार, सोमबार, मंगलबार र आइतबार कृषिमा आधारित हाटबजार तथा कृषि बजारहरु लाग्ने गरेको पाइन्छ। यस गाउँपालिकामा कृषि उद्योगहरूको राम्रो सम्भावना भएकोले उद्योग वाणिज्य क्षेत्रको विकासका लागि ठोस कदम चाल्नुपर्ने देखिन्छ ।

### ३.४.२ समस्या तथा चुनौती

यस गाउँपालिकामा कृषि तथा पशुपन्छी उत्पादित कच्चा पदार्थमा आधारित औद्योगीकरणमा जान सकिएको छैन। जसले गर्दा कृषि तथा पशुपन्छीजन्य उत्पादनमा नागरिकहरुलाई आकर्षित गर्न सकिएको छैन। व्यावसायिक सोच र लगानीको कमी, औद्योगिक वातावरणको कमी, व्यावसायिक तालिम तथा

प्रशिक्षण र प्रविधिको अभाव, बैंक तथा वित्तिय संस्थाको लगानीमा देखिएको नैराश्यता, स्थानीय श्रोत, साधन, सिप, जनशक्तिको परिचालन गरी विकासको गतिलाई तिब्रता दिन सकिएको छैन। खुल्ला सिमानाको कारण स्थानीय बजार व्यवस्थित गर्न नसकेकोले भारतीय बजारसँग प्रतिस्पर्धा गर्न सकिएको छैन। गाउँपालिकाले बनाउने नीति तथा रणनीतिको कमी तथा प्राविधिक तथा व्यावसायिक शिक्षा नीतिको कमी रहेको देखिन्छ। उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, बजारीकरणको कमि जस्ता पक्ष पनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रुपमा रहेको छ।

### ३.४.३ क्षेत्रगत सोच

दीर्घकालीन सोच

"गाउँपालिकाको आर्थिक वृद्धिदर, कृषिमा आधारित उद्योगको भर"

### ३.४.४ उद्देश्य

क. उद्योगका लागि आवश्यक आधारभूत पूर्वाधारको क्रमिक विकास गर्नु,

ख. गाउँपालिकामा उत्पादने हुने स्थानीय कच्चा पदार्थ तथा कृषि उपजमा आधारित उद्योग स्थापनामार्फत आर्थिक वृद्धिदर हासिल गर्नु,

ग. साना तथा घरेलु उद्योग स्थापना र प्रर्वद्धनमा सहयोग गर्नु,

घ. स्थानीय बजार प्रवर्धन र व्यवस्थापन मार्फत वाणिज्य बजार र आपूर्ति प्रणाली सुदृढ गर्नु ।

### ३.४.५ रणनीति

१. नीतिगत सुधार गरी लगानी मैत्री वातावरण निर्माण गर्ने,

२. प्रमुख औद्योगिक पूर्वाधारको सुनिश्चितता गर्ने,

३. निजी क्षेत्र र अगुवा कृषकको समन्वय र सहकार्यमा,

४. स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने,

५. बजार, व्यापार तथा वाणिज्य व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने,

६. स्थानीय बजार प्रर्वद्धन कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालीन खर्च संरचनाको योजना तथा आयोजनाको संक्षिप्त विवरणमा आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका १५ : उद्योग तथा व्यापार उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व. २०८० /०८१ सम्मको अवस्था | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार | संख्या | - | - | - | - | - |
| गाउँपालिकामा दर्ता उद्योग व्यवसाय | संख्या | ९७५ | २००० | २५०० | २७०० | ३००० |
| व्यवसाय करबाट संकलित राजस्व | रु. हजारमा | ११९३०५० | ३७८००० | ४०००००० | ४५०००००० | ५०००००० |

*स्रोतः विषयगत विवरण*

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग, व्यापार तथा व्यवसाय उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका १६ : उद्योग, व्यापार तथा व्यवशाय उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा श्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेट श्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | प्रदेश सरकार | नेपाल सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | १३८० | ८२८ | ५५२ | ० | १०३५ | २०७ | १३८ | ० |
| २०८३/०८४ | १५१८ | ९११ | ६०७ | ० | ११३९ | २२८ | १५२ | ० |
| २०८४/०८५ | १६६९.८ | १००२ | ६६८ | ० | १२५२ | २५० | १६७ | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छः

**तालिका १७ : उद्योग, व्यापार तथा व्यवसाय उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लघुउद्यम विकास कार्यक्रम साझेदारी | उद्योग क्षेत्रको प्रवर्धन गर्नु | सालबसाली | १२०० | उद्यमसिलताको विकास भएको हुनेछ। |
| २ | उद्योग, व्यापार तथा व्यवसाय उप-क्षेत्रका अन्य कार्यक्रम (बुद्धशान्ति उद्योग बाणिज्य संघ, कर शिक्षा कार्यक्रम) | उद्योग क्षेत्रको प्रवर्धन गर्नु | सालबसाली | १८० | वडा नं. ३ र ४ मा उद्यमसिलताको विकास भएको हुनेछ। |

### ३.४.९ जोखिम तथा अनुमान

सङ्घीय शासन प्रणाली अनुसार तीन तहबीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सिप विकास हुनेछ। वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषि तथा गैर कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। उपरोक्त अवस्था कायम रहन नसकेमा लक्ष्य हासिल गर्न कठिनाई हुन सक्नेछ।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

हालसम्म पर्यटनका आधारभूत पूर्वाधारको पर्याप्त विकास हुन नसकेपनि बुद्धशान्ति गाउँपालिकामा पर्यटनको सम्भावना अत्यधिक रहेको छ। विशेष गरी यो गाउँपालिकालाई धार्मिक तथा साँस्कृतिक पर्यटन, कृषि पर्यटन, पर्यापर्यटन र शैक्षिक पर्यटनका हिसाबले विकास गर्न सकिन्छ।

यहाँ होमस्टे र साँस्कृतिक पर्यटनको समेत उत्तिकै सम्भावना रहेको छ। गाउँपालिकामा उर्वर कृषि क्षेत्रहरू रहेकाले ती क्षेत्रहरूलाई नमूना कृषि क्षेत्रको रुपमा विकास गर्न सके कृषि पर्यटकहरूलाई आकर्षण गर्न सकिन्छ। तसर्थ हाल पर्यटकहरूका लागि होटल तथा होमस्टेहरूका साथै अन्य आवश्यक सेवा सुविधा विस्तार गर्न आवश्यक रहेको छ।

### ३.५.२ समस्या तथा चुनौती

सिमित पर्यटकीय उत्पादन, पर्यटन सम्वन्धि नविनतम ज्ञान, सिप र योजनाको अभाव, कृषि लगायतका अन्य पर्यटकीय उत्पादनको पूर्वाधारमा कमी, पर्यटक गाईडको अभाव र प्राविधिक तथा सूचना केन्द्रको अभाव, युवा वर्गमा पुरानो रैथाने भाषा, कला र सांस्कृतिक परम्पराका साथै ऐतिहासिक सम्पदाप्रति आकर्षण घट्दै जानु र आधुनिकताका नाममा विभिन्न विदेशी संस्कृतिको नक्कल र विकृति मौलाउँदै जानु चुनौतिका रुपमा देखा परेको छ।

### ३.५.३ क्षेत्रगत सोच

"पर्यटन पूर्वाधार विकासः आर्थिक, सामाजिक र साँस्कृतिक सम्बृद्धिको आधार"

### ३.५.४ उद्देश्य

क. आधारभूत पर्यटन पूर्वाधारको विकास गर्नु,
ख. कृषि पर्यटनको आधार विकास गर्नु,
ग. ऐतिहासिक तथा धार्मिक पर्यटनको विकास गर्नु,
घ. पर्या-पर्यटन तथा शैक्षिक पर्यटनको विकास गर्नु।

### ३.५.५ रणनीति

१. प्रमुख पर्यटकीय स्थलसम्म पुग्ने सडकहरूको स्तरोन्नति गर्ने,
२. पर्यटन सूचना व्यवस्थापन तथा सूचना केन्द्रलाई पूर्वाधार सम्पन्न बनाउने,
३. बसोवासको र सुरक्षाको आवश्यक प्रबन्ध गर्ने,
४. पर्यटन क्षेत्र स्तरीय योजना र पर्यटन विकास समिति निर्माण गर्ने,
५. सघन कृषि क्षेत्रको विकास गर्ने,
६. गाउँपालिकाका पर्यटकीय स्थलहरूको प्रचार प्रसार गर्ने,
७. गाउँपालिका भर सञ्चालन गर्न सकिने सम्पूर्ण पदमार्गहरूको सम्भाव्यता अध्ययन गर्ने,
८. बुद्धशान्ति क्षेत्रबारे प्रचार गर्न शैक्षिक संघ संस्था, शिक्षण संस्थासँग सहकार्य गर्ने।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालिन खर्च संरचनाको योजना तथा आयोजनाको संक्षिप्त विवरणमा आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका १८ : पर्यटन तथा संस्कृति उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व.२०८०/०८१ सम्मको अवस्था | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| मठ मन्दिर निर्माण | संख्या | १२४ | १३० | १३५ | १५० | २०० |
| औषत दैनिक आन्तरिक पर्यटक आगमन | संख्या | ५० | १०० | १५० | २०० | ३०० |
| पर्यटकीय स्तरका होटेल तथा रेस्टुरेन्ट | संख्या | २५ | ५० | १०० | १५० | २०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| दैनिक पर्यटक राख्ने सामर्थ्य | संख्या | २५० | ३०० | ३५० | ४०० | ४५० |
| तालिम प्राप्त कुक तथा वेटर | संख्या | ५० | ५५ | ६० | ६५ | ७० |

*स्रोतः विषयगत विवरण*

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान गरिएको छ।

**तालिका १९ : पर्यटन तथा संस्कृति उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | प्रदेश सरकार | नेपाल सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ४३५० | 2610 | 1740 | 0 | 3263 | 653 | 435 | 0 |
| २०८३/०८४ | ४७८५ | 2871 | 1914 | 0 | 3589 | 718 | 479 | 0 |
| २०८४/०८५ | ५२६३ | 3158 | 2105 | 0 | 3948 | 790 | 526 | 0 |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छः

**तालिका २० : पर्यटन तथा संस्कृति उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पर्यटन तथा संस्कृति उप-क्षेत्रका पालिका स्तरीय कार्यक्रमहरु (सुपारी मरिच स्तम्भ लगायत बुद्धशान्तिका | पर्यटन क्षेत्रको प्रवर्धन गर्नु | सलवशाली | २५०० | पर्यटन क्षेत्रको प्रवर्धन भएको हुनेछ। |

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | पर्यटकीय क्षेत्र प्रवर्द्धन तथा पुनरुत्थान कार्यक्रम) | | | | |
| २ | पर्यटन तथा संस्कृति उप-क्षेत्रका वडा स्तरीय कार्यक्रमहरु (वडा गतिविधि प्रकाशन तथा प्रसारण तथा विभिन्न मठ मन्दिर मर्मत कार्य, धार्मिक पर्यापर्यटन क्षेत्र संरक्षण, वडा अध्ययन अवलोकन भ्रमण, साउनेपानी पदमार्ग निर्माण लगायत) | पर्यटन प्रवर्धन गर्नु | सलवशाली | १८५० | वडा नं. १,३,४, ५, ६ मा पर्यटन क्षेत्रको प्रवर्धन भएको हुनेछ। |

### ३.५.९ जोखिम तथा अनुमान

अन्तर सरकार, नीजि क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ। स्थानीय वेरोजगार युवाहरु पर्यटन व्यवसायमा आकर्षिक हुनेछन्। महामारी र विपद्ले पर्यटन क्षेत्रको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्छ।

## ३.६ भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा

### ३.६.१ पृष्ठभूमि

गाउँपालिकाका तर्फबाट कृषि तथा पशुपालन व्यवसाय, महिला, दलित, अपाङ्ग, असहाय तथा जेष्ठ नागरिहरुका क्षेत्रमा उल्लेखनिय कार्य गर्ने वित्तीय तथा सहकारी संस्थाहरुलाई प्रोत्साहन गर्ने व्यवस्था रहेको छ। कृषि सहकारीहरु सञ्चालनमा रहेको र वित्तीय सेवामा पहुँच सहज रहेको छ। त्यसैगरी, गाउँपालिकाले कमजोर क्षमतामा सञ्चालित सहकारीहरूको एकीकरण कार्यमा सहजीकरण, स्थानीय नागरिकको क्रयशक्ति अभिवृद्धि र सहकारीका माध्यमबाट निरपेक्ष गरीबी घटाउन सहकारीको बिशेष कार्यक्रम सञ्चालनको नीति लिएको छ।

### ३.६.२ समस्या तथा चुनौती

कारोवार र कर्जा तथा बचत सम्बन्धित प्रावधानको ज्ञान नहुँदा सर्वसाधारणका लागि सहज वित्तीय पहुँच कायम हुन नसकेको, बैंक प्रतिको विश्वसनीयतामा कमि, सार्वजनिक तथा सरकारी भूमि अतिक्रमण र अव्यवस्थित बसोबास तथा भूमिहीन समस्या तथा चुनौतिहरु हुन्।

### ३.६.३ क्षेत्रगत सोच

"सामुहिकता र सहकार्यमार्फत सबल अर्थतन्त्र निर्माण"

### ३.६.४ उद्देश्य

क. सहकारी संस्थाको संस्थागत विकास, क्षमता अभिवृद्धि र कुशल व्यवस्थापन र विस्तार गर्नु,
ख. सहकारी तथा वित्तीय क्षेत्रलाई उत्पादनशिल क्षेत्रमा लाग्न उपयुक्त वातावरण निर्माण गर्नु।

### ३.६.५ रणनीति

१. सहकारी शिक्षाको माध्यमबाट जनचेतना अभिवृद्धि गर्ने,
२. सहकारी नीति परिमार्जन तथा निर्माण गरी ग्रामिण अर्थतन्त्र मैत्री बनाउने,
३. सहकारीलाई व्यावसायिकरणका अभ्याससँग एकीकृत गर्ने,
४. वित्तीय साक्षरता विस्तार गरी सहकारीलाई आर्थिक विकासको आधारका रुपमा विकसित गरी कृषि,उद्योग र पर्यटनसँग आवद्ध गराउने।

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालीन खर्च संरचनाको योजना तथा आयोजनाको संक्षिप्त विवरणमा आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका २१ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा उप-क्षेत्रको त्रिवर्षीय नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व. २०८०/०८१ सम्मको अवस्था | चालु आ.व.२०८१-०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| स्थानीय स्तरमा सञ्चालित सहकारी | संख्या | ६८ | ६७ | ६५ | ६० | ५५ |
| सहकारीमा पहुँच (घरबाट ३० मिनेट भित्रको पैदल यात्रामा सहकारीमा पहुँच भएका परिवार | सतप्रतिशत | सतप्रतिशत | सतप्रतिशत | सतप्रतिशत | सतप्रतिशत | सतप्रतिशत |

*स्रोतः विषयगत विवरण*

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ।

**तालिका २२ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेट श्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | प्रदेश सरकार | नेपाल सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ७०० | ४९० | २१० | ० | ५२५ | १०५ | ७० | ० |
| २०८३/०८४ | ७७० | ५३९ | २३१ | ० | ५७८ | ११६ | ७७ | ० |
| २०८४/०८५ | ८४७ | ५९३ | २५४ | ० | ६३५ | १२७ | ८५ | ० |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका २३ : भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा उपक्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा उपक्षेत्रका पालिका स्तरीय कार्यक्रम (सहकारी क्षमता विकास तालिम, नियमन अनुगमन तथा सुपरिवेक्षण, जनचेतना आदि) | सहकारी तथा वित्तीय क्षेत्रको प्रवर्धन गर्नु | सलवशाली | ७०० | सहकारी तथा वित्तीय क्षेत्रको प्रवर्धन भएको हुनेछ। |

### ३.६.९ जोखिम तथा अनुमान

सहकारी संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक भई स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशिल हुनेछन्। यस्ता संस्थाहरुको खराब कर्जा जोखिमका रुपमा रहेको छ।

## ३.७ श्रम, रोजगारी तथा गरिवी निवारण

### ३.७.१ पृष्ठभूमि

श्रम तथा रोजगारीको हकलाई नेपालको संविधानले मौलिक हकको रुपमा स्थापित गरेको छ भने यसको केन्द्रविन्दुमा युवा रहेका छन। देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भ नै युवाहरू हुन। युवाको सामर्थ्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै ठूलो फड्को मारेका छन। काम गर्न सक्ने उच्च सक्रिय उमेरको जनसंख्या नै जनसांख्यिक लाभांश हो। रोजगारीको अवसरबाट वञ्चित वा नियमित आय आर्जन नभएका विपन्न नागरिकहरुको न्यूनतम आय आर्जन सुनिश्चित गर्ने हेतुले हाल बुद्धशान्ति गाउँपालिकाले रोजगार लक्षित कार्यक्रमहरु सञ्चालन गरेको छ। उक्त कार्यक्रम अन्तर्गत सिलाई-बुनाई, कम्प्युटर, बुटिक, इलोक्ट्रोनिक, ड्राइभिङ्ग जस्ता तालिमहरु प्रदान गर्ने गरिएको छ।

यसैगरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गाउँपालिकामा सूचीकृत भएका बेरोजगारहरुले कुलो तथा पैनी, बाटो सरसफाइ तथा मर्मत, स्कुल सरसफाई जस्ता काममा निश्चित अवधिको लागि रोजगारी प्राप्त गरेका छन। जनसंख्याको उपस्थिति तथा मानव संसाधन विकास तथा श्रम शक्तिका हिसाबले ठूलो जनसांख्यिक लाभ बोकेको यस गाउँपालिकाले युवा शक्तिलाई देशमै उपयुक्त रोजगारी दिनसके छोटो अवधि मै आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्न सकिन्छ।

### ३.७.२ समस्या तथा चुनौती

श्रम र रोजगार लक्षित कार्यक्रमले युवा वर्गलाई यथोचित सम्बोधन गर्नु गाउँपालिकाबाट अस्वभाविक रूपमा ठूलो हिस्सा यूवा जनशक्ति शिक्षा तथा रोजगारका लागि शहरी क्षेत्र तथा विदेश पलायनलाइ रोक्नु, प्रधानमन्त्री युवा रोजगार कार्यक्रमलाइ युवा आकर्षणको माध्यम र युवामैत्री बनाउनु यस क्षेत्रका चुनौती हुन। युवा जनशक्तिलाई यथोचित अभिमुखीकरण तथा तालिमको व्यवस्था हुन नसक्नु, कतिपय युवाहरू गलत संगत, लागूपदार्थ सेवन, झैझगडा लगायतका कुलतमा फस्ने अवस्था अन्त्य गर्न नसक्नु, पूर्वाधारको समुचित विकास गर्न नसक्नु, तालिम तथा क्षमता विकास अवसरमा कमीका कारण श्रम बजारको माग अनुसारको दक्ष जनशक्तिमा कमी रहन आदि  समस्याकोरुपमा रहेका छन्।

### ३.७.३ क्षेत्रगत सोच

“श्रमशिल, कर्मठ र दक्ष युवा मानव संसाधन निर्माण”

### ३.७.४ उद्देश्य

श्रमशिल र सकृय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरुको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु।

### ३.७.५ रणनीति

१. युवा तथ्याङ्क व्यवस्थापन गर्ने,
२. दक्ष र सिपयुक्त मानव संसाधनको विकास गर्ने।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालीन खर्च संरचनाको योजना तथा आयोजनाको संक्षिप्त विवरणमा आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका २४ : श्रम, रोजगारी तथा गरिवी निवारण उप-क्षेत्रको त्रिवर्षीय नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व. २०८०/०८१ सम्मको अवस्था | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| रोजगारी सिर्जना गर्न सञ्चालित आयोजना | संख्या | ३६ | २४ | २० | २५ | ३० |
| रोजगारीको वृद्धिदर | प्रतिशत | ७४ | ८० | ८५ | ९० | ९५ |

*स्रोत: विषयगत विवरण*

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ।

**तालिका २५ : श्रम, रोजगारी तथा गरिवी निवारण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | प्रदेश सरकार | नेपाल सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २१०० | १४७० | ६३० | ० | १५७५ | ३१५ | २१० | ० |
| २०८३/०८४ | २३१० | १६१७ | ६९३ | ० | १७३३ | ३४७ | २३१ | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८४/०८५ | २५४१ | १७७९ | ७६२ | ० | १९०६ | ३८१ | २५४ | ० |

### ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका २६: श्रम, रोजगारी तथा गरिवी निवारण उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामी कार्यक्रम साझेदारी | रोजगारी सिर्जना गर्नु | सालवसाली | ६०० | रोजगारी सिर्जना भएको हुनेछ । |
| २ | कर्मचारी व्यवस्थापन (प्रा.स. र रोजगार सहायक) | संस्थागत व्यवस्थापन गर्नु | सालवसाली | ५०० | कर्मचारी व्यवस्थापन भएको हुनेछ। |
| ३ | श्रम, रोजगारी तथा गरिवी निवारण उप-क्षेत्रका पालिका स्तरीय अन्य कार्यक्रम | रोजगारी सिर्जना गर्नु | सालवसाली | १००० | रोजगारीको भएको हुनेछ। |

### ३.७.९ जोखिम तथा अनुमान

श्रम, रोजगारी तथा गरिबी न्यूनीकरण सम्बन्धी आवश्यक नीति, कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। रोजगार प्रवर्द्धनका कार्यक्रममा निरन्तरता नभएमा अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ।

# परिच्छेद ४
# सामाजिक क्षेत्र

## ४.१ शिक्षा, कला, भाषा तथा साहित्य

### ४.१.१ पृष्ठभूमि

विज्ञान तथा प्रविधिमैत्रि शिक्षा प्रदान गर्न सकेमात्र सक्षम मानव संशाधन तयार हुन्छ। आधुनिक समाज निर्माण गर्न शिक्षामा बृहतर लगानी गर्नुपर्ने हुन्छ। विश्वभर विकसित मुलुकहरूको समग्र विकासको कारण भनेकै ती मुलुकहरूको शिक्षामा गरेको विशाल लगानीको प्रतिफल हो। नेपालको संविधान २०७२ ले शिक्षालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ। विशेषगरी आधारभूत तह सम्मको शिक्षा निःशुल्क र अनिवार्य साथै माध्यमिक तह सम्मको शिक्षा निःशुल्क गरेको छ। उक्त परिप्रेक्ष्यमा स्थानीय सरकारको भूमिका र जिम्मेवारी महत्वपूर्ण हुन गएको छ। यस गाउँपालिकामा बालविकास, आधारभूत विद्यालय, माध्यमिक विद्यालय गरी सामुदायिक विद्यालयहरु १६ वटा, तथा संस्थागत विद्यालयहरु १७ वटा, धार्मिक विद्यालयहरु २ वटा गरि जम्मा ३५ वटा विद्यालयहरु रहेका छन। गाउँपालिकाको वडा नं. १ मा स्नातक तहसम्म पढाई हुने सिता रमेश बहुमुखी क्याम्पस रहेको छ।

### ४.१.२ समस्या तथा चुनौती

विकासमा भौतिक पूर्वाधारको आधुनिकीरण नहुन, वडागत जनघनत्वका आधारमा विद्यालयको व्यवस्था हुन नसक्नु, परिवर्तित अवस्थामा शिक्षा प्रणाली व्यावसायिक र उत्पादनमुखी हुन नसक्नु, मध्यम तथा निम्न आय भएका र आदिवासी, जनजाति साथै सुकुम्वासी परिवारका बालबालिकाहरुका लागि विद्यालयमा शैक्षिक सामग्री अभाव, विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुसन्धान तथा आविष्कारका लागि प्रोत्साहनको कमी रहेका छन्।

### ४.१.३ क्षेत्रगत सोच

"राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी मानव स्रोतको निर्माण"

### ४.१.४ उद्देश्य

क. न्यूनतम शैक्षिक पूर्वाधारको विकास गरी आधारभूत र माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित,
ख. निरक्षरता शुन्यमा झार्नु,
ग. व्यवहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूलयमा आधारित शिक्षा प्रदान गर्नु,
घ. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्नु,
ङ. विज्ञान तथा प्रविधिको आधारभूत खोज र अन्वेषणलाई स्थान दिनु।

### ४.१.५ रणनीति

१. न्यूनतम भौतिक पूर्वाधारहरूलाई प्राथमिकताको आधारमा निर्माण गर्दै लैजाने
२. अत्यावश्यक शैक्षिक जनशक्तिको व्यवस्थापन गर्ने,

३. सबैका लागि आधारभूत शिक्षा सुनिश्चित गर्न स्थानीय नीति तथा कानुन निर्माण गरी कार्यान्वयन गर्ने,
४. पोषण तथा स्वास्थ्य सम्बन्धी व्यवस्था गर्ने,
५. अति विपन्न, आदिवासि, सिमान्तकृत समुदाय, दलित तथा अपाङ्ग र विद्यालय जानबाट बञ्चित विद्यार्थी तथा बयस्क केन्द्रित शैक्षिक अभियान सञ्चालन गर्ने,
६. प्राविधिक र व्यवहारिक शिक्षा केन्द्रित शिक्षालय तथा पाठयक्रमको निर्माण गरी लागू गर्ने,
७. नैतिक मूल्यमा आधारित जीवनोपयोगी शिक्षाका लागि,
८. नविनतम शिक्षण सिकाई प्रविधिहरूको व्यवहारिक प्रयोग गर्ने,
९. स्थानीय आवश्यकता, अनुरुप पाठयक्रम निर्माण गरी लागू गर्ने,
१०. विद्यार्थीहरूको ज्ञानको क्षितिज वृद्धिहुने कृयाकलाप नियमित गर्ने,
११. पाठय सामाग्रीको उपलब्धता सुनिश्चित गर्ने,
१२. नियमित अनुगमन तथा निरिक्षण गरी शैक्षिक कृयाकलापहरूलाई समय सापेक्ष सुधार गर्ने,
१३. विज्ञान र प्रविधिमा रुचि भएका विद्यार्थी बालबालिका तथा युवाहरूको पहिचान तथा प्रोत्साहन गर्ने।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका २७ : शिक्षा, कला, भाषा तथा साहित्य उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | आ.व. २०८०/०८१ सम्मको उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| प्रारम्भिक वाल विकास केन्द्र/पूर्व प्रा वि भर्ना दर | प्रतिशत | ९९.१ | ९९.३ | ९९.४ | ९९.९ | १०० |
| कक्षा १ को नव प्रवेशी मध्ये पूर्व प्राथमिक शिक्षा अनुभव प्रतिशत | प्रतिशत | ९७ | ९७ | १०० | १०० | १०० |
| खुद भर्ना दर आधारभूत तह | प्रतिशत | ९८.३ | ९८.५ | ९९ | ९९.३ | १०० |
| खुद भर्ना दर माध्यमिक तह | प्रतिशत | ४९.७ | ५० | ५५ | ६९.७ | ६४ |
| विद्युत पहुँच भएका विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |

| सूचक/लक्ष्य | एकाइ | आ.व. २०८०/०८१ सम्मको उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| इन्टरनेट पहुँच भएका विद्यालय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| टिकाउ दर-आधारभूत तह | प्रतिशत | ८८.३ | ८९.८ | ९०.२ | ९१.४ | ९३.८ |
| विद्यालय छाड्ने दर-आधारभूत तह | प्रतिशत | १.८ | १.६ | १.३ | ०.७ | ० |
| विद्यालय छाड्ने दर-माध्यमिक तह | प्रतिशत | ३.८ | ३.२ | २.४ | २ | ०.५ |
| वाल कक्षा सञ्चालन गर्ने विद्यालय संस्थागत | संख्या | १८ | १८ | १८ | १८ | १८ |
| वाल कक्षा सञ्चालन गर्ने विद्यालय सामुदायिक | संख्या | १६ | १६ | १६ | १६ | १६ |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक-आधारभूत तह | प्रतिशत | ६२ | ६५ | ७८ | ८८ | १०० |
| कक्षा ८ को सिकाई उपलव्धी -समग्र | प्रतिशत | २.८३ | २.९४ | २.९८ | ३ | ३.२ |

*स्रोतः विषयगत विवरण*

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा, कला, भाषा तथा साहित्य उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

### तालिका २८ : शिक्षा, कला, भाषा तथा साहित्य उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | प्रदेश सरकार | नेपाल सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २३६६७ | १६५६७ | ७१०० | ० | १७७५० | ३५५० | २३६७ | ० |
| २०८३/०८४ | २६०३४ | १८२२४ | ७८१० | ० | १९५२५ | ३९०५ | २६०३ | ० |
| २०८४/०८५ | २८६३७ | २००४६ | ८५९१ | ० | २१४७८ | ४२९६ | २८६४ | ० |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

### तालिका २९ : शिक्षा, कला, भाषा तथा साहित्य उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बाल कक्षा शिक्षक, कर्मचारी, न्युनतम पारिश्रमिक प्रोत्साहन | जनशक्ति व्यवस्थापन गर्नु | सालवसाली | ६०३२ | कर्मचारीहरुले तलब भत्ता प्राप्त गरेका हुनेछन्। |
| २ | तहगत स्वयम् सेवक शिक्षक व्यवस्थापन | शैक्षिक व्यवस्थापन गर्नु | सालवसाली | ४६८० | स्वयम् सेवक शिक्षकहरुले तलब भत्ता पाएका हुनेछन। |
| ५ | अंग्रेजी शिक्षा प्रवर्द्धन कार्यक्रम | भाषा शिक्षाको विकास गर्नु | सालवसाली | २८०० | अंग्रेजी भाषाको पठन पाठनमा गुणस्तर कायाम भएको हुनेछ। |
| ३ | बाल कक्षा थप दिवा खाजा व्यवस्थापन | शिक्षामा गुणस्तर कायम गर्नु | सालवसाली | १६०० | शिक्षाको गुणस्तर वृद्धि भएको हुनेछ। |
| १० | उच्च शिक्षा सहयोग कार्यक्रम | शैक्षिक पूर्वाधार विकास गर्नु | २०८२/०८३ | १५०० | उच्च शिक्षाका लागी सहयोगका लागि बजेट व्यवस्था भएको हुनेछ। |

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ७ | सामुदायिक विद्यालयका भवन मर्मत संभार तथा फर्निचर व्यवस्थापन | शिक्षाको भौतिक विकास गर्नु | सालवसाली | १२०० | शिक्षाक्षेत्रको भौतिक विकास भएको हुनेछ। |
| ९ | समुदाय प्रहरी साझेदारी र स्थानीय विषय पाठ्यक्रम पुनरावलोकन, पाठ्यपुस्तक लेखन तथा छपाइ | पाठ्यक्रम विकास गर्नु | २०८२/०८३ | ६०० | समुदाय प्रहरी साझेदारी र स्थानीय विषय पाठ्यक्रम तयार भएको हुनेछ। |
| ८ | वडा नं. ४ लिम्बु भाषा शिक्षा | भाषा भाषीको विकास गर्नु | सालवसाली | ५८५ | विद्यालयका विधार्थीहरु लिम्बु भाषा बोल्न लेख्न जान्ने भएका हुनेछन। |
| ४ | परीक्षा सञ्चालन व्यवस्थापन | शिक्षामा गुणस्तर कायम गर्नु | सालवसाली | ५५० | शिक्षाको गुणस्तर वृद्धि भएको हुनेछ। |
| ११ | शिक्षा, कला, भाषा तथा साहित्य उप-क्षेत्रका पालिका स्तरीय अन्य कार्यक्रम | शैक्षिक क्षेत्रको विकास गर्नु | सालवसाली | ३०५० | शैक्षिक क्षेत्रको विकास भएको हुनेछ। |
| | राष्ट्रिय बिजय माध्यमिक बिद्यालय शैक्षिक गुणस्तर सुधार | शैक्षिक क्षेत्रको विकास गर्नु | सालवसाली | ६०० | वडा नं. ७ मा शैक्षिक गुणस्तर वृद्धि भएको हुनेछ। |
| १२ | शिक्षा, कला, भाषा तथा साहित्य उप-क्षेत्रका पालिका वडा स्तरीय अन्य कार्यक्रम (शैक्षिक तथा भौतिक विकास सम्बन्धि) | शैक्षिक क्षेत्रको विकास गर्नु | सालवसाली | ३२०० | वडा नं. १, २,३, ४, ५, ६ मा नाम शैक्षिक क्षेत्रको शैक्षिक तथा भौतिक विकास भएको हुनेछ। |

### ४.१.९ जोखिम तथा अनुमान

गाउँपालिकाले सामाजिक विकास सम्वन्धी ऐन, नीति, मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरी सकेको हुनेछ। अन्तर सरकार र समुदायको सहकार्य र साझेदारीमा वृद्धि नभए लक्ष्य हासिल हुन कठिनाइ उत्पन्न हुन सक्नेछ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ। उपधारा १ मा “प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन” भनि उल्लेख गरिएको छ । यसै हकको कार्यान्वयन गराउने दायित्व स्थानीय सरकारको भएकोले गाउँपालिकामा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरूको प्रबन्ध हुन अपरिहार्य छ। यस गाउँपालिकामा हाल सामान्यस्तरको स्वास्थ्य सेवाहरू गाउँपालिकामा रहेका विभिन्न स्वास्थ्य संस्थाहरू मार्फत प्रदान भइरहेको पाइन्छ भने स्वास्थ्य सेवाका लागि आवश्यक सुविधा सम्पन्न हस्पिटल र विशेषज्ञ सेवाको अभाव रहेको छ। हाल गाउँपालिकाको वडा नं. १ मा जनसेवा अस्पताल, वडा नं. ३ मा महिला सामुदायिक स्वास्थ्य सेवा तथा अनुसन्धान केन्द्र, भागिरथा बुद्धशान्ति अस्पताल, सिटी अस्पताल लगायतका अस्पताल सञ्चालनमा रहेका छन भने वडा नं. ५ मा शान्तिनगर स्वास्थ्य चौकी सहित सबै वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र मार्फत स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ।

### ४.२.२ समस्या तथा चुनौती

सन्तुलित आहार र स्वस्थ जीवनशैली प्रति अभ्यस्त नहुनु, पाँच वर्षमुनिका करिब आधा बालबालिका र प्रजनन उमेरका महिलामा न्युन पोषण र रक्तअल्पता रहनु, नसर्ने प्रकृतिका रोगको प्रकोप बढ्नु, सरूवा रोग जनस्वास्थ्य समस्याका रूपमा रहनु, ज्येष्ठ नागरिकको स्वास्थ्य बढी जोखिममा रहनु, वंशाणुगत तथा जन्मजात रोग, वातावरणीय स्वास्थ्य, युवा किशोर-किशोरीको यौन तथा प्रजनन स्वास्थ्यको सम्बोधन नहुनु, जलवायु प्रदूषण, खाद्य असुरक्षा तथा प्राकृतिक विपद्ले सृजना हुने स्वास्थ्यमा बढ्दो खतरा हुनु, आदि प्रमुख समस्या हुन्।

आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नु, गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु, आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य प्रणालीलाई स्वास्थ्य सेवाको मूल प्रवाहमा एकीकरण गर्नु, निजी क्षेत्रका स्वास्थ्य संस्थाको नियमन गर्नु तथा स्वास्थ्य सेवा शुल्क आम नागरिकको पहुँचमा राख्नु, स्वास्थ्यसम्बन्धी जनशक्ति र पूर्वाधारको व्यवस्था गर्नु, प्रेषण (Referral) स्वास्थ्य सेवा उपलब्ध गराउनु, अत्याधुनिक प्रविधि र उपकरणको उपलब्धता सुनिश्चित गर्नु, दुर्गम र पिछडिएको क्षेत्रमा विज्ञ तथा स्वास्थ्य जनशक्ति टिकाई राख्नु, सबै नागरिकलाई स्वास्थ्य बीमाको दायरामा ल्याउनु, उपचारमा अनुसन्धान पद्धति अवलम्बन गर्नु, अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा सरसफाइ र फोहोर मैलाको उचित व्यवस्थापन गर्नु आदि प्रमुख चुनौती हुन।

### ४.२.३ सोच

“घरदैलो मानै आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितिता”

### ४.२.४ उद्देश्य

क. आकस्मिक र आधारभूत स्वास्थ्य सेवा गाउँपालिका मै उपलब्ध गराउनु

ख. स्वास्थ्य चेतना र आहार विहारमा सुधार ल्याई प्रर्वद्धनात्मक र निरोधात्मक जनस्वास्थ्य सुदृढ गर्नु।

### ४.२.५ रणनीति

१. आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण गर्ने,

२. स्वास्थ्यकर्मीको दरवन्दी व्यवस्थापन तथा क्षमता विकास गर्ने,

३. आधारभूत स्वास्थ्य सेवाबाट अति विपन्न र आम नागरिकलाई बञ्चित हुन नदिने,

४. स्वास्थ्य प्रति सचेत नागरिक निर्माण गर्न व्यापक जनचेतना,

५. वैकल्पिक चिकित्सा पद्धतिको विकास र त्यसको अवलम्बन गरी जनस्वास्थ्य सुदृढ गर्ने।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका ३० : स्वास्थ्य तथा पोषण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | आ.व. २०८०/०८१ सम्मको उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| नियमित तौल अनुगमन गर्ने २ वर्ष मुनिका वालवालिकाहरूको औषत तौल अनुगमन | प्रतिशत | ६.४८ | ६.८५ | १० | १२ | १८ |
| दुई वर्ष मुनिका कम तौल हुने बालबालिका संख्या | प्रतिशत | २.२४ | २.२० | २.१० | २ | १.८० |
| पाँच वर्ष मुनिका बालबालिकामा स्वासप्रस्वास संक्रमण दर | प्रति हजार (जना) | १४ | २१ | २० | १५ | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पाँच वर्ष मुनिका बालबालिकामा झाडापखला संक्रमण दर | प्रतिशत | १.२ | १.३ | १.४ | १.२ | १.५ |
| परिवार नियोजन आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | ३.१९ | ३ | ४ | ४.५ | ५ |
| प्रोटोकलअनुसार चार पटक पुर्वप्रसूती सेवा प्राप्त गर्ने महिलाहरूको संख्या | प्रति हजार (जना) | ३० | ४० | ५० | ५६ | ६० |
| गर्भवती अवस्थामा १८० चक्की आईरन खाने महिलाहरूको | जना | ४३ | ३७ | ५० | ५६ | ६० |
| सुत्केरी पछिको ४५ दिनसम्म आईरन चक्की खाने महिला संख्या | जना | २१ | ४० | ४५ | ५० | ६० |
| प्रोटोकलअनुसार तीन पटकको गर्भ जाँच गर्ने महिलाहरूको संख्या | जना | ७२ | ६० | ७० | ८० | ९० |
| घरमै सुत्केरी हुने महिला संख्या | प्रतिशत | २ | ३ | ० | ० | ० |
| Penta भ्याक्सिनको तीन मात्रा लगाउने बच्चाहरूको संख्या | जना | ६२६ | ६०० | ७०० | ७५० | ८०० |
| राष्ट्रिय खोप कार्यक्रममा समावेश गरिएका सबै खोपहरूद्वारा समेटिएका वालावालिका संख्या | जना | ७१७ | ७०० | ७३० | ७५० | ८०० |
| गर्वती महिलाहरु TD 2nd र TD2+ खोप लगाउने संख्या | जना | १६७ | १७० | १८० | १९० | २०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्वास्थ्य क्षेत्रको बजेटको खर्च प्रतिशत | प्रतिशत | ९२ | ९६ | ९७ | ९८ | ९९ |
| क्षय रोग संक्रमण दर | प्रतिलाख जना | ८८ | ९० | ८९ | ८७ | ८५ |

*स्रोतः विषयगत विवरण*

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका ३१ : स्वास्थ्य तथा पोषण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | प्रदेश सरकार | नेपाल सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २४७९५ | १७३५७ | ७४३९ | ० | १८५९६ | ३७१९ | २४८० | ० |
| २०८३/०८४ | २७२७५ | १९०९२ | ८१८२ | ० | २०४५६ | ४०९१ | २७२७ | ० |
| २०८४/०८५ | ३०००२ | २१००१ | ९००१ | ० | २२५०१ | ४५०० | ३००० | ० |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका ३२ : स्वास्थ्य तथा पोषण उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | अस्पताल फार्मेसी सञ्चालन कोष | औषधीको आपूर्ति गर्नु | सालबसाली | १०००० | अस्पताल फार्मेसी सञ्चालन भई औषधीको आपूर्ति भएको हुनेछ। |

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | अस्पताल एम्बुलेन्स खरिद | गुणात्मक स्वास्थ्य सेवा प्रदान गर्ने | सालबसाली | २१२० | अस्पताल एम्बुलेन्स खरिद भएको हुनेछ। |
| ३ | दिर्घरोग मासिक उपचार खर्च | सामाजिक सुरक्षाको प्रत्याभूत गराउनु | सालबसाली | २००० | दिर्घ रोगीहरुले मासिक उपचार खर्च पाएका हुनेछन। |
| ४ | विपन्न नागरिक निशुल्क स्वास्थ्य वीमा कार्यक्रम | आर्थिक रुपले कमजोर वर्गको स्वास्थ्यमा पहुँच कायम गर्नु | सालबसाली | २००० | विपन्न नागरिक निशुल्क स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन भएको हुनेछ। |
| ५ | अत्यावश्यक औषधि खरिद | औषधीको आपूर्ति गर्नु | सालबसाली | १३०० | अत्यावश्यक औषधि खरिद भएको हुनेछ। |
| ६ | आयुर्वेद औषधि खरिद | औषधीको आपूर्ति गर्नु | सालबसाली | १२०० | आयुर्वेद औषधि खरिद भएको हुनेछ। |
| ७ | महिला स्वास्थ्य स्वयम सेविका मासिक बैठक तथा यातायात खर्च | कर्मचारी व्यवस्थापन गर्नु | सालबसाली | ९०० | महिला स्वास्थ्य स्वयम सेविकाले मासिक बैठक तथा यातायात खर्च पाएका हुनेछन। |
| ८ | निशुल्क रक्त सञ्चार कार्यक्रम | अत्यावश्यक पर्ने ब्लड जम्मा गर्नु | सालबसाली | ५०० | निशुल्क रक्त सञ्चार कार्यक्रम सञ्चालन भई ब्लड जम्मा भएको हुनेछ। |
| ९ | पञ्चकर्म थेरापी सञ्चालन | स्वास्थ्य क्षेत्रको विकास गर्नु | सालबसाली | ५०० | पञ्चकर्म थेरापी सञ्चालन भएको हुनेछ। |
| १० | स्वास्थ्य तथा पोषण उप-क्षेत्रका पालिका स्तरीय अन्य | स्वास्थ्य क्षेत्रको विकास गर्नु | सालबसाली | ३५२५ | स्वास्थ्य क्षेत्रको विकास भएको हुनेछ। |
| १० | स्वास्थ्य तथा पोषण उप-क्षेत्रका वडा स्तरीय अन्य कार्यक्रम | स्वास्थ्य क्षेत्रको विकास गर्नु | सालबसाली | ७५० | स्वास्थ्य क्षेत्रको विकास भएको हुनेछ। |

### ४.२.९ जोखिम तथा अनुमान

प्रस्तावित कार्यक्रमको लागि संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवाला बीच समन्वय हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुन सक्छ।

## ४.३ खानेपानी तथा सरसफाई

### ४.३.१ पृष्ठभूमि

गाउँपालिकामा हाल वडा नं. ३ मा चिलिमगढी खानेपानी आयोजना, कञ्चन खानेपानी आयोजना, चर्चावारी खानेपानी आयोजना, पिपलबोटे खानेपानी आयोजना, किनाराबस्ती खानेपानी आयोजना तथा बुद्धशान्ती वडा न. १,२ र ३ मा बुधवारे साना शहरी खानेपानी योजना सञ्चालनमा रहेका छन। त्यसैगरि वडा नं. ६ मा चारभैया चल्ठे खानेपानी उपभोक्ता तथा सरसफाई समिति र रमिते खानेपानी आयोजना, वडा न. ५ मा चुल्ठे चारभैया खानेपानी आयोजना सञ्चालनमा रहेका छन भने वडा नं. ७ मा बर्ने सुनमाई खानेपानी योजना, सुन्दर स्वच्छ छिमेक खानेपानी योजना, स्किम नं. १, २ र ३ खानेपानी योजना सञ्चालनमा रहेको छ। यद्यपि यी आयोजनाहरूले सबै गाउँपालिकाबासीलाई यथेष्ट खानेपानीको आपूर्ति गर्न सकिरहेका छैनन। गाउँपालिकामा अझै पनि स्वच्छ पिउने पानीको पहुँच कमजोर रहनुले पानीजन्य रोगहरू जस्तै टाइफाइड, झाडापखाला, आउँ जस्ता रोगहरूको संक्रमण हुन सक्ने सम्भावना रहेको छ ।

सफा, सुन्दर र स्वच्छ गाउँ समाज सभ्यताको प्रमुख परिचायक हो। त्यसैगरी स्वस्थ जीवन जिउन हाम्रो वरपरको जनजीवन र सेरोफेरो सफा हुनु जरुरी छ। शहरीकरणको सघनतामा वृद्धि नभएकोले र हालसम्म ग्रामीण परिवेशमा रहेकाले यो गाउँपालिकामा अन्य सघन शहरी क्षेत्रमा जस्तो फोहोरमैला उत्सर्जन हुँदैन र फोहोर व्यवस्थापन मुख्य चुनौतीका रुपमा रहेको छैन। तथापी गाउँपालिकामा हालसम्म ल्याण्डफिल्ड साईटको निर्माण नभएका कारण गाउँपालिकाले फोहोर मैला तथा ढल व्यवस्थापनका लागि ल्याण्डफिल्ड साईटको खोजी कार्यलाई तिव्रता दिई फोहोर मैला तथा ढल व्यवस्थापन कार्यलाई प्राथमिकतामा अत्यन्त जरुरी देखिन्छ।

### ४.३.२ प्रमुख समस्या तथा चुनौती

खानेपानीका पर्याप्त स्रोत पर्याप्त नहुनु र भएका पनि संरक्षण नहुनु, सरसफाइ चेतनाको कमी, खानेपानी सम्बन्धी ऐन, कानून तथा नीति, नियम तयार भई नसक्नु, खानेपानी सम्बन्धी संस्थागत पूर्वाधार र प्राविधिक जनशक्तिको कमी, खानेपानीको मुहानसम्बन्धी विवाद रहनु, अधुरा आयोजनाको संख्या उल्लेखनिय रहनु, ठूला आयोजनाका लागि पर्याप्त बजेट विनियोजन नहुनु, विकास निर्माण कार्यमा जथाभाबी यान्त्रिक उपकरण प्रयोगका कारण पानीको मुहान सुक्नु आदि प्रमुख समस्या हुन्।

सबै नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु, गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त बनाउनु, उपभोक्ता संस्थाको स्थायित्व, परिचालन र नेतृत्वको विकास गर्नु, पानीको गुणस्तर

कायम गर्नु, आधारभूत सरसफाइ बारेमा जनचेतना फैलाउँदै फोहोर मैला व्यवस्थापन गर्नु, शहरी क्षेत्रमा ढल निकासको उचित व्यवस्था गर्नु, खानेपानीका स्रोतको संरक्षण गर्नु आदि प्रमुख चुनौती हुन्।

### ४.३.३ क्षेत्रगत सोच

"स्वच्छ, स्वस्थ्य र सुन्दर गाउँपालिका निर्माणका लागि गुणस्तरीय खानेपानी तथा सरसफाई"

### ४.३.४ उद्देश्य

क. गाउँपालिकाबासीहरुलाई सुरक्षित खानेपानी सुविधा पुर्याउनु,
ख. गाउँपालिकाका सम्पूर्ण वडाहरुमा सरसफाइको सुविधा पुर्याउनु।

### ४.३.५ रणनीति

१. आधारभूत खानेपानी सुविधा नपुगेका घरपरिवारमा खानेपानी सुविधा विस्तारका लागि प्राथमिकता दिने,
२. मूहान संरक्षण तथा खानेपानी सेवाको स्तरवृद्धि गर्ने,
३. खानेपानी तथा सरसफाई गुरुयोजना निर्माण गर्ने,
४. हरेक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने,
५. सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सरसफाइ सेवाको व्यवस्थापन गर्ने,
६. सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका ३३ : खानेपानी तथा सरसफाई उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | आ.व. २०८०/०८१ सम्मको उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| आधारभूत खानेपानी सुबिधा उपलब्ध घरपरिवार | प्रतिशत | ९२ | ९५ | ९७ | ९९ | १०० |
| शौचालय भएका घरपरिवार | प्रतिशत | ९७.८ | ९७.९ | ९८ | ९९ | १०० |
| व्यवस्थित शौचालय (वाटरशिल प्यान भएको) भएका घरपरिवार | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सार्वजनिक शौचालय | प्रतिशत | ०.४ | | ०.५ | ०.६ | ०.६ | ०.६ |

*स्रोतः विषयगत विवरण*

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी तथा सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका ३४ : खानेपानी तथा सरसफाई उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | प्रदेश सरकार | नेपाल सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ३५५० | २४८५ | १०६५ | ० | २६६३ | ५३३ | ३५५ | ० |
| २०८३/०८४ | ३९०५ | २७३४ | ११७२ | ० | २९२९ | ५८६ | ३९१ | ० |
| २०८४/०८५ | ४२९५.५ | ३००७ | १२८९ | ० | ३२२२ | ६४४ | ४३० | ० |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका ३५ : खानेपानी तथा सरसफाई उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानी संस्थासँगको साझेदारीमा खानेपानी ल्याव स्थापना | शुद्ध खानेपानीको व्यवस्था गर्नु | सालबसाली | ६०० | शुद्ध खानेपानीको व्यवस्था भएको हुनेछ। |
| २ | खानेपानी तथा सरसफाई उप-क्षेत्रका पालिका स्तरीय अन्य | खाने पानि उपलव्ध गराउनु | सालबसाली | २०५० | खाने पानिको उपलव्ध भएको हुनेछ। |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | खानेपानी तथा सरसफाई उप-क्षेत्रका पालिका स्तरीय अन्य कार्यक्रमहरु (इनार निर्माण, साझेदारीमा शौचालय निर्माण, रिजर्भ ट्याङ्की निर्माण, पाइप खरिद आदि) | खानेपानीको व्यवस्था गर्नु | सालबसाली | ९०० | वडा नं. १, २, ३, ७ मा खानेपानी तथा सरसफाई प्रवर्दन भएको हुनेछ। |

### ४.३.९ जोखिम तथा अनुमान

प्रस्तातिव बजेट, कार्यक्रम सुनिश्चितता भई आयोजना सञ्चालन तथा मर्मत संभार र स्तरोन्नति भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ। आयोजनाको ढिला निर्माण र उचित व्यवस्थापन हुन नसक्नु खानेपानी र सरसरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ।

## ४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

लैङ्गिक समता तथा सामाजिक समावेशीकरणको मूल मान्यतालाई अंगिकार गर्दै गाउँपालिकाले समाजका अल्पसंख्यक, पिछडिएका वर्ग, जनजाति तथा महिलाको निर्णय प्रकृयामा पहँच वृद्धि गर्ने अवसर प्राप्त गरेको छ। बालबालिकाको पहुँच र क्षमता विकासका वडा स्तरीय बालमञ्च गठन भएका छन्। सडक बालबालिकाको उचित व्यवस्थापनका लागि सडक बालबालिका उद्धार कार्य सञ्चालन भइरहेको छ। अपांगता भएका व्यक्तिको हकहित, सामाजिक न्याय र पैरवीका लागि प्रत्येक वडामा अपांगता वडा सञ्जाल गठन गरिने निर्णय गरी कार्य अघि बढिरहेको अवस्था छ। लैंगिक हिंसा निवारणका लागि गाउँपालिकाले विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको छ।

### ४.४.२ समस्या तथा चुनौती

लक्षित वर्ग, पिछडिएको वर्गमा स्वरोजगारीका अवसर तथा आत्म निर्भरतामा कमी रहेको छ। स्थानीय स्तरको योजना रहेता पनि प्रत्यक्ष अर्थपूर्ण सहभागिता नहुदा तर्जुमा गरिएका कार्यक्रमहरूबाट प्रभावकारी कार्यान्वयनको भौतिक संरचनाहरु बालबालिका, अपाङ्ग तथा महिलामैत्री नहुनु तथा जातिय छुवाछुतको अभ्यास कायमै रहनु चुनौतिका रुपमा रहेको छ।

### ४.४.३ क्षेत्रगत सोच

“बुद्धशान्तिको सभ्यता, न्यायपूर्ण समाज र सामाजिक सौहार्दता”

### ४.४.४ उद्देश्य

लैङ्गिकता उमेर, जातियता, क्षेत्रियता, भाषिक, अल्पसंख्या, अपाङ्गता लगायतका आधारमा हुने सबै प्रकारको विभेद अन्त्य गर्नु,

### ४.४.५ रणनीति

१. महिला जागरण केन्द्रित नीति निर्माण तथा कार्यक्रम सञ्चालन गर्ने,
२. महिला सुरक्षा र लैङ्गिक न्यायका निम्ति महिला शसक्तिकरणका कार्यक्रमहरू अभियानको रुपमा सञ्चालन गर्ने,
३. जेष्ठ नागरिकको सामाजिक सूरक्षा र आत्मसम्मान कायम हुने कार्यक्रमलाई प्राथमिकता दिइ सञ्चालन गर्ने,
४. अपाङ्गता भएका नागरिकहरूको कठिनाइ न्यूनिकरण गर्ने कार्यक्रमहरू सञ्चालन गरी उनीहरूको आत्मबल बढाउने र आत्मसम्मान जगाउने,
५. जातिय विभेद, अल्पसंख्यक दलित, आदिवासी तथा राज्यको मूल प्रवाहमा आउन नसकेको नागरिकहरूका मूल सरोकारका विषयमा अध्ययन गरी मूल प्रवाहिकरण कार्यनीति निर्माण गर्ने।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालीन खर्च संरचनाको योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका ३६ : महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | आ.व. २०८०/०८१ सम्मको उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| व्यावसायिक सिपमूलक तालिम लिने लक्षित वर्गको जनसंख्या | संख्या | १३९३ | ९३० | १२०० | १३०० | १४०० |
| नि:शुल्क स्वास्थ्य बीमा कार्यक्रममा समेटिएका अपांगता भएका व्यक्ति | जना | - | ८५ | १०० | १५० | २०० |
| बालमैत्री घोषणा भएका वडा | प्रतिशत | ० | ० | १ | २ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| महिला हिंसाका घटना | संख्या | ३ | ० | ० | ० | ० |

*स्रोत: विषयगत विवरण*

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका ३७ : महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | प्रदेश सरकार | नेपाल सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ९३८२२ | ६५६७५ | २८१४७ | ० | ७०३६७ | १४०७३ | ९३८२ | ० |
| २०८३/०८४ | १०३२०४ | ७२२४३ | ३०९६१ | ० | ७७४०३ | १५४८१ | १०३२० | ० |
| २०८४/०८५ | ११३५२५ | ७९४६७ | ३४०५७ | ० | ८५१४३ | १७०२९ | ११३५२ | ० |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका ३८ : महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम साझेदारी | सामाजीक समावेशीकरण कायम गर्नु | सालबसाली | ३२०० | अपाङ्गतामा कम भएको भएको हुनेछ। |
| २ | सामाजिक सुधार कार्यक्रम | सामाजिक समावेशीकरण कायम गर्नु | सालबसाली | १३०० | सामाजिक समावेशीकरण भएको हुनेछ। |

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | विपन्नसँग अध्यक्ष उपाध्यक्ष कार्यक्रम | लक्षित् वर्गलाइ विकासको मूल धारमा ल्याउनु | सालबसाली | १००० | लक्षित् वर्ग विकासको मूल धारमा आएको हुनेछ। |
| ४ | महिला लक्षित कार्यक्रम (रोजगार मुलक कार्यक्रम) | महिला तथा लक्षित वर्गलाई रोजगार उपलब्ध गराउनु | सालबसाली | ७०० | महिला तथा लक्षित वर्गले रोजगार प्राप्त गरेको हुनेछ। |
| ५ | सामाजिक विकास कार्यक्रम | सामाजिक समावेशीकरण कायम गर्नु | सालबसाली | ६७५ | सामाजिक समावेशीकरण भएको हुनेछ। |
| ६ | बाल मैत्री गाउँपालिका घोषणाका लागि तयारी | बाल मैत्री गाउँपालिका बनाउनु | सालबसाली | ५०० | बाल मैत्री गाउँपालिका घोषणा भएको हुनेछ। |
| ७ | महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उप-क्षेत्रका पालिका स्तरीय अन्य कार्यक्रम | सामाजिक समावेशीकरणमा जोड दिनु | सालबसाली | ६१५० | सामाजिक समावेशीकरण भएको हुनेछ। |

### ४.४.९ जोखिम तथा अनुमान

सम्बन्धित कार्यक्रममा प्राथमिकताकासाथ बजेट विनियोजन, व्यावहारिक कार्यान्वयन तथा नीति निर्माण भएको हुनेछ। यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्छ।

## ४.५ युवा, खेलकुद तथा नवप्रवर्तन

### ४.५.१ पृष्ठभूमि

स्थानीय विकासमा युवा सहभागिता अभिवृद्धि गरी युवाको सशक्तिकरण र विकासमा परिचालनको नीति अवलम्बन गरिएको छ। सिप विकास, स्वरोजगारी र आत्मनिर्भरताका अवसरहरु सिर्जना भएका छन्। खेल क्षेत्रको विकासका लागि स्थानीयस्तरमा खेल आयोजना तथा खेलाडीलाई सहयोग तथा सम्मानको अभ्यास रहेको छ। गाउँपालिकाले युवाहरुलाई लागु पदार्थ तथा दुर्व्यसनबाट सचेत गराउने नीति स्थानीय सरकारले लिएको छ।

### ४.५.२ समस्या तथा चुनौती

विभिन्न तहका सरकारबीच युवा तथा खेलकुद सम्बन्धी योजना कार्यान्वयनको कमि, खेल मैदान लगायतका खेल पूर्वाधारको विकास पर्याप्त नहुनु, खेलाडीको प्रतिस्पर्धी क्षमतामा कमी, दुर्व्यसन र वैदेशिक रोजगारीमा आकर्षण, स्तरीय खेल प्रशिक्षणमा कमी, खेलमा व्यावसायिकताको कमी र खेलाडीको भविश्यको अनिश्चिता, समस्याको रुपमा रहेको छ।

### ४.५.३ क्षेत्रगत सोच

“शारीरिक र मानसिक रुपमा स्वस्थ्य, श्रमशिल, कर्मठ र दक्ष मानव संसाधन निर्माण,

### ४.५.४ उद्देश्य

क. श्रमशिल र सकृय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरूको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु,
ख. खेलकुद र मनोरञ्जनका माध्यमले नागरिकको खुसी र स्वास्थ्य सुदृढ गर्नु।

### ४.५.५ रणनीति

१. युवा तथ्याङ्क व्यवस्थापन गर्ने,
२. दक्ष र सिपयुक्त मानव संसाधनको विकास गर्ने,
३. खेलकुद पूर्वाधारको प्रवन्ध गर्ने,
४. खेलाडी पहिचान तथा प्रशिक्षण,
५. खेलकुद प्रतियोगिता सञ्चालन गर्ने,
६. स्थानीय तहर्ले  सक्ने मनोरञ्जनात्मक कृयाकलापको अधयययन गरी व्यवस्थित गर्ने।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालिन खर्च संरचनाको योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका ३९ : युवा, खेलकुद तथा नवप्रवर्तन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | आ.व. २०८०/०८१ सम्मको उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| प्रदेश तथा राष्ट्रिय स्तरीय प्रशिक्षण प्राप्त खेलाडी संख्या | संख्या | ६ | ६ | ८ | ११ | १५ |
| गाउँपालिकामा आयोजना हुने खेल संख्या | संख्या | ३ | ३ | ४ | ४ | ५ |
| खेल मैदान संख्या | संख्या | २ | २ | २ | ३ | ३ |
| कभर्ड हल संख्या | संख्या | १ | १ | १ | १ | २ |
| व्यायामशाला संख्या | संख्या | - | - | - | १ | २ |

*स्रोत: विषयगत विवरण*

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका ४० : युवा, खेलकुद तथा नवप्रवर्तन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | प्रदेश सरकार | नेपाल सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ३३८५ | २३७० | १०१६ | ० | २५३९ | ५०८ | ३३९ | ० |
| २०८३/०८४ | ३७२४ | २६०६ | १११७ | ० | २७९३ | ५५९ | ३७२ | ० |
| २०८४/०८५ | ४०९६ | २८६७ | १२२९ | ० | ३०७२ | ६१४ | ४१० | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका ४१ : युवा तथा खेलकुद उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका स्तरीय खेलकुद विकास प्रवर्द्धन | खेलकुदको विकास गर्नु | सालबसाली | १५०० | खेलकुदको विकास भएको हुनेछ। |
| २ | युवा तथा खेलकुद उप-क्षेत्रका पालिका स्तरीय अन्य कार्यक्रम | खेलकुदको विकास गर्नु | सालबसाली | ४५० | खेलकुदको विकास भएको हुनेछ। |
| ३ | युवा तथा खेलकुद उप-क्षेत्रका वडा स्तरीय कार्यक्रम (न्यू स्टार फुटवल क्लव स्टेज छाना निर्माण तथा ढलान, मिडिया कप फुटवल प्रतियोगिता लगायत) | खेलकुदको विकास गर्नु | सालबसाली | १४३५ | वडा नं . १, २, ३, ४, ५, ६, ७ मा खेलकुदको प्रवर्दन भएको हुनेछ। |

### ४.५.९ जोखिम तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्थाभइ यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुन सक्छ।

## ४.६ सामाजिक सुरक्षा तथा पञ्जीकरण

### ४.६.१ पृष्ठभूमि

आर्थिक सामाजिक रूपमा पछाडि परेको समुदायको जीवनयापनलाई सहज बनाउन र सबै नागरिकको जीवन सुरक्षित, संरक्षित र गुणस्तरीय बनाउन सामाजिक सुरक्षा उपलब्ध गराउनु सरकारको दायित्व हो। दिगो विकास लक्ष्य प्राप्तिका लागि नागरिकलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान गर्नु आवश्यक छ।

बुद्धशान्ति  गाउँपालिकामा हाल ठुलो संख्यामा सामाजिक सुरक्षाको कार्यक्रमबाट लाभान्वित भइ रहेका छन्। यस गाउँपालिकामा सामाजिक सुरक्षा कार्यक्रमबाट ज्येष्ठ नागरिक, बिधवा, अपागंता भएका व्यक्ति, लोपोन्मुख जाति र दलित बालबालिका प्रत्यक्ष लाभान्वित भएका छन्। पञ्जीकरणलाई प्रभावकारी गराउन सबै वडामा दर्ता शिविर सञ्चालन भएका छन। पञ्जीकरण शाखामार्फत व्यक्तिगत घटना दर्ता सहज तुल्याइ सबैलाई दर्ताको दायरामा ल्याउन अग्रसरता लिइएको छ।

### ४.६.२ समस्या तथा चूनौति

सामाजिक सुरक्षाका लागि आवश्यक पर्ने स्रोतको पूर्वानुमान गर्न आवश्यक सूचनाको कमी रहेको छ। सरकारका विभिन्न तह र निकायबाट प्रदान गरिने सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रममा दोहोरोपना हुन सक्ने देखिएको छ भने यस्ता कार्यक्रमहरूबीच समानजस्यताको कमी रहेको छ। सामाजिक सुरक्षालाई आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति तथा कार्यक्रमसँग आवद्ध गर्नु र वास्तविक बञ्चितीकरण तथा जोखिममा रहेको वर्ग र समुदायको पहिचान गरी सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रममा सहज पहुँच स्थापित गर्नु प्रमुख चुनौतिका रूपमा रहेको छ । यसगाउँपालिकामा समयमै व्यक्तिगत घटना दर्ताको अभ्यासमा कमी रहेको छ।

### ४.६.३ सोच

“असक्त अवस्थामा निश्चिन्तता, सामाजिक सुरक्षा”

### ४.६.४ उद्देश्य

क. सामाजिक जीवनमा विभिन्न कारणले असक्षम र असक्त भई अरुको सहाराको आवश्यकता पर्ने सबैलाई राज्यद्वारा सहारा दिनु।

### ४.६.५ रणनीति

सामाजिक सुरक्षाको आवश्यकता पर्ने सम्पूर्ण नागरिकको पहिचान गर्ने संयन्त्र निर्माण गर्ने।

### ४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक विकास योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४२ : सामाजिक सुरक्षा तथा पञ्जीकरण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन**

| सूचक/लक्ष्य | एकाइ | आ.व. २०८०/०८१ सम्मको उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| सामाजिक सुरक्षा कार्यक्रममा समाहित जनसंख्या | संख्या | ५७८ | ५९९१ | ६००० | ६१०० | ६२०० |
| गाउँपालिकामा समाजिक सुरक्षाक्षेत्रको बजेट | रु. हजार | २२७६०२०४८ | २३५३५१४९ | २५८८८६६४ | २८४७७५३० | ३१३२५२८३ |
| घटना दर्ता संख्या | संख्या | २३४९ | २१३९ | २२०० | २५०० | ३००० |

*स्रोत: विषयगत विवरण*

## ४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका ४३ : सामाजिक सुरक्षा तथा पञ्जीकरण उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | प्रदेश सरकार | नेपाल सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | २५० | १७५ | ७५ | ० | १८८ | ३८ | २५ | ० |
| २०८३/०८४ | २७५ | १९३ | ८३ | ० | २०६ | ४१ | २८ | ० |
| २०८४/०८५ | ३०३ | २१२ | ९१ | ० | २२७ | ४५ | ३० | ० |

### ४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका ४४ : सामाजिक सुरक्षा तथा पञ्जीकरण उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पञ्जिकरण व्यवस्थापनका लागि डिभाइस खरिद तथा तालिम | सुशासन कायम गर्नु | सालबसाली | २५० | पञ्जिकरण व्यवस्थापन गर्ने डिभाइस खरिद भएको हुनेछ। |

### ४.६.९ जोखिम तथा अनुमान

सामाजिक सुरक्षा तथा पञ्जीकरणको प्रभावकारीताका लागि अन्तर-सरकार सहकार्य सुदृढ र जनस्तरमा सचेतना अभिवृद्धि भएको हुनेछ। उल्लेखित परिवेश कायम हुन नसकेमा अपेक्षित उपलब्धि हासिल हुने जोखिम रहन सक्छ।

# परिच्छेद ५
# पूर्वाधार क्षेत्र

## ५.१ बस्ती विकास, आवास तथा भवन

### ५.१.१ पृष्ठभूमि

मानव जीवनको आधारभूत आवश्यकताहरू मध्ये आवास पनि एक हो र नेपालको संविधानले पनि सुरक्षित तथा वातावारण मैत्री आवासको हकलाई प्रत्याभूत गरेको छ। गाउँपालिकामा जेष्ठ नागरिक सामुदायिक भवन, समाज सेवा भवन, वि.पी, उपकार कोष भवन, राम प्रधान स्मृति केन्द्र, जेसिस भवन, शिव पञ्चायन सामुदायिक भवन, सितला सामुदायिक भवन, आदर्श नमूना सामुदायिक भवन, जल्पादेवी भवन, सेती सिहंदेवी भवन, टिमाइ शिविर हल, गुराँस वस्ती सामुदायिक भवन लगायतका समुदायिक भवनहरु रहेका छन। बुद्धशान्ति गाउँपालिकाका बजार क्षेत्रमा अधिकांश घरहरू पक्की तथा केही घरहरु अर्धपक्की अवस्थामा रहनुले यस गाउँपालिकाका बजार क्षेत्रका घरहरू भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले सुरक्षित तथा जोखिममुक्त अवस्थामा रहेका छन भनी अनुमान गर्न सकिन्छ। तथापी ग्रामिण क्षेत्रमा अझै पनि अर्धपक्की तथा कच्ची घरहरु रहेको हुँदा  वस्ती विकाससँग सम्बन्धित कायक्रमहरु सञ्चालनको आवश्यकता भने रहेको छ।

### ५.१.२ समस्या तथा चुनौती

गाउँपालिकामा भू-उपयोग योजना कार्यन्वयनको कमीका कारण अव्यवस्थित बसोबासी बढ्दै गएको अवस्था छ। भवन निर्माणमा मापदण्ड पालना, व्यवस्थित बस्ती निर्माण, सुकुम्वासी व्यवस्थापन, व्यवस्थित बस्ती निर्माणमा गाउँबासीहरुको सोचाईमा एकरुपता नहुनु र प्राविधिक तथा दक्ष जनशक्तिको अभाव आवास तथा बस्ती विकासका चुनौती तथा समस्याहरु हुन्।

### ५.१.३ क्षेत्रगत सोच

"सबैलाई पूर्ण सुरक्षित तथा आधारभूत सुविधासम्पन्न आवासको प्रत्याभूति"

### ५.१.४ उद्देश्य

क. न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्नु,

ख. सुरक्षित आवास तथा भवनहरु निर्माण गर्ने।

### ५.१.५ रणनीति

१. छरिएर रहेका तथा विपदको जोखिममा परेका बस्तीहरूलाई एकीकृत बस्तीको निर्माण गरी स्थानान्तरण गर्दै लैजाने,

२. घना बस्ती रहेको स्थानमा बस्ती व्यवस्थित गर्ने,

३. एकीकृत सेवा प्रदायक बहुउपयोगी तथा बहुउद्देश्यीय भवन निर्माण गर्ने,
४. आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गर्ने।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालिन खर्च संरचना योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका ४५ : भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | आ.व. २०८०/०८१ सम्मको उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| मापदण्ड र भूकम्प प्रतिरोधी प्रविधिअनुसार बनेका आवासीय भवन | प्रतिशत | ५.५ | ६ | १० | १० | १० |
| सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | ५.५ | ६ | १० | १० | १० |
| मापदण्डअनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० |

*स्रोतः विषयगत विवरण*

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका ४६ : भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | प्रदेश सरकार | नेपाल सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ३६४३३५ | १४५७३४ | २१८६०१ | ० | २७३२५१ | ५४६५० | ३६४३४ | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८३/०८४ | ४००७६९ | १६०३०७ | २४०४६१ | ० | ३००५७६ | ६०११५ | ४००७७ | ० |
| २०८४/०८५ | ४४०८४५ | १७६३३८ | २६४५०७ | ० | ३३०६३४ | ६६१२७ | ४४०८५ | ० |

## ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका ४७ : भवन, आवास तथा बस्ती विकास उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गाउँपालिकाको प्रशासनिक भवन निर्माण | भौतिक संरचना निर्माण गर्नु | सालबसाली | १५००० | गाउँपालिकाको प्रशासनिक भवन निर्माण भएको हुनेछ। |
| २ | एकिकृत विपद व्यवस्थापन केन्द्र निर्माण साझेदारी | भौतिक संरचना निर्माण गर्नु | सालबसाली | ५०२० | एकिकृत विपद व्यवस्थापन केन्द्र निर्माण भएको हुनेछ। |
| ३ | झोलुङ्गे पुल क्षेत्रमा व्यवसायिक टहरा निर्माण | यातायातको विकास गर्नु | सालबसाली | २००० | झोलुङ्गे पुल निर्माण भएको हुनेछ। |
| ४ | भूकम्प प्रतिरोधी, सुलभ तथा प्रबिधि मैत्री डकर्मी तालिम | दक्ष कामदार उत्पदान गर्नु | सालबसाली | १०५० | दक्ष कामदार उत्पदान भएको हुनेछ। |
| ५ | ज्येष्ठ नागरिक भवन निर्माण वडा नं ४ | सामाजिक समवेशिकरणलाई जोड दिनु | सालबसाली | १००० | ज्येष्ठ नागरिक भवन निर्माण भएको हुनेछ। |
| ६ | गणेशमान सिंह स्मृति प्रतिष्ठान भवन निर्माण तथा मर्मत | भौतिक संरचना निर्माण गर्नु | सालबसाली | ७५० | गणेशमान सिंह स्मृति प्रतिष्ठान भवन निर्माण भएको हुनेछ। |
| ७ | राम प्रधान स्मृति केन्द्रको सामुदायिक भवन निर्माण | भौतिक संरचना निर्माण गर्नु | सालबसाली | ७५० | राम प्रधान स्मृति केन्द्रको सामुदायिक भवन निर्माण भएको हुनेछ। |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | बुधवारे जेसीज भवन निर्माण सहयोग | भौतिक संरचना निर्माण गर्नु | सालबसाली | ७०० | बुधवारे जेसीज भवन निर्माण भएको हुनेछ। |
| ९ | ५ नं. वडा कार्यालय भवन मर्मत | भौतिक संरचना निर्माण गर्नु | सालबसाली | ८०० | ५ नं. वडा कार्यालय भवन मर्मत भएको हुनेछ। |
| १० | ४ नं. वडा कार्यालय भवन मर्मत | भौतिक संरचना निर्माण गर्नु | सालबसाली | ८०० | ४ नं. वडा कार्यालय भवन मर्मत भएको हुनेछ। |
| ११ | २ नं. वडा कार्यालय भवन मर्मत | भौतिक संरचना निर्माण गर्नु | सालबसाली | ८०० | २ नं. वडा कार्यालय भवन मर्मत भएको हुनेछ। |
| १२ | Schmidt Hammer खरिद | यन्त्रिकरणमा जानु | सालबसाली | ६५० | Schmidt Hammer खरिद भएको हुनेछ। |
| १३ | १ नं. वडा कार्यालय भवन मर्मत | भौतिक संरचना निर्माण गर्नु | सालबसाली | ६०० | १ नं. वडा कार्यालय भवन मर्मत भएको हुनेछ। |
| १४ | ३ नं. वडा कार्यालय भवन मर्मत | भौतिक संरचना निर्माण गर्नु | सालबसाली | ६०० | ३ नं. वडा कार्यालय भवन मर्मत भएको हुनेछ। |
| १५ | ६ नं. वडा कार्यालय घेरावारा | भौतिक संरचना निर्माण गर्नु | सालबसाली | ६०० | ६ नं. वडा कार्यालय घेरावारा भएको हुनेछ। |
| १६ | सशस्त्र प्रहरी शिक्षालय साझेदारी | भौतिक संरचना निर्माण गर्नु | सालबसाली | ५०० | सशस्त्र प्रहरी शिक्षालय निर्माण भएको हुनेछ। |
| १७ | भवन,आवास तथा बस्ती विकास उप-क्षेत्रका पालिका स्तरीय अन्य कार्यक्रम (भवन | भौतिक संरचना निर्माण गर्नु | सालबसाली | १९२५ | भौतिक संरचना निर्माण भएको हुनेछ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | निर्माण तथा मर्मत कार्यक्रम) | | | | |
| १८ | भवन,आवास तथा बस्ती विकास उप-क्षेत्रका वडा स्तरीय कार्यक्रमहरु | भौतिक संरचना निर्माण गर्नु | सालबसाली | ४३६० | वडा नं . १, २, ३, ४, ५, ६, ७ मा भवन,आवास तथा बस्ती विकास प्रवर्दन भएको हुनेछ। |

### ५.१.९ जोखिम तथा अनुमान

भू-उपयोग, आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड तयार सहित परिपालनामा अभिवृद्धि हुनेछ। भू-स्वरुपमा परिवर्तन र शहरीकरण साथै दुवै तर्फको सिमानामा नदिकटानको समस्याले गर्दा वस्तीहरु जोखिममा पर्ने समस्या छ। कारण वातावरणीय ह्रासमा वृद्धि भई गाउँ क्षेत्रको सुन्दरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेको छ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ। गाउँपालिकामा सडक तथा यातायातको अवस्थालाई हेर्दा स्थिती सन्तोषजनक रहेको छ। गाउँपालिकाको मुख्य सडकको रुपमा मेची राजमार्ग-चिहानेडाँडा सडक खण्ड र विर्तामोड-सनिश्चरे-बुधबारे सडक खण्ड रहेका छन। यहाँ मुख्य सडकहरू कालोपत्रे छन भने सहायक सडकहरू विस्तार तथा स्तरोन्नती भइरहेको छ। गाउँपालिकाले सडकहरूको निर्माण, विस्तार तथा मर्मत गर्ने कार्यलाई प्राथमिकतामा राखेको छ। तथापि यातायातका साधनहरूको अपर्याप्तता तथा रुटहरू वैज्ञानिक नहुँदा सार्वजनिक यातायातको अवस्था भने कमजोर रहेको पाइन्छ। त्यसकारण बस टर्मिनलको निर्माण गर्नु अतिआवश्यक रहेको छ। सडक मार्गबाट ओहोर दोहोर गर्ने यात्रुहरूलाई सुविधाको लागि विभिन्न स्थानहरूमा यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण गर्नु पनि आवश्यक छ। सडक तथा यातायातको विकासले उत्पादकत्व वृद्धि गर्ने, स्वास्थ्य तथा शिक्षा सेवामा पहुँच पुर्याउने, रोजगारी श्रृजना गर्ने, गरिबी न्यूनीकरण गर्ने तथा आर्थिक तथा सामाजिक विकासमा टेवा पुर्याउछ। तसर्थ यस गाउँपालिकामा सडक तथा यातायात गुरुयोजना निर्माण गरी व्यवस्थित तवरले सडक सञ्जालको विस्तार गर्नुपर्ने

### ५.२.२ समस्या तथा चुनौती

पूर्वाधारको विकास भएपनि गाउँपालिकाले समय सापेक्ष रुपमा सुविधायुक्त पुर्वाधार विकासमा ध्यान नपुर्याएको, सडकको चौडाई साँघुरो हुनु, पर्यावरणलाई जोगाउने तर्फ ध्यान नपुग्नु, सडक निर्माणसँगसँगै ढल निर्माण नहुँदा असहज परिस्थिती उत्पन्न हुनु, सडकको गुणस्तरीयतामा कमी हुनु, सडक चिन्हको अभावका कारण दुर्घटनाको वृद्धि हुनु, सकुम्बासीका कारण सडक निर्माणमा असहजता हुनु, सडक तथा यातायातको क्षेत्रमा देखिएको समस्या तथा चुनौती हुन्।

### ५.२.३ क्षेत्रगत सोच

"सहज, सुरक्षित र भरपर्दो सडक तथा यातायात सेवाको सुनिश्चितता"

### ५.२.४ उद्देश्य

क. गाउँपालिका वासीमा गुणस्तरीय सडक तथा यातायातको पहुँच पुर्याउनु,
ख. गाउँपालिकामा सडक तथा यातायात सेवाको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु।

### ५.२.५ रणनीति

१. गाउँपालिका केन्द्रबाट सबै वडा केन्द्र र महत्वपूर्ण स्थानमा सडक सञ्जाल विस्तार गर्ने,
२. विद्यमान सडक पूर्वाधारको स्तरोन्नति तथा विस्तार गर्ने,
३. सार्वजनिक यातायात प्रणालीको विकास गर्ने,
४. सडक तथा यातायात गुरुयोजना अनुरूप योजनावद्ध एवं व्यवस्थित तवरले सडक संजालको निर्माण गर्ने,
५. सडकको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइने,
६. दिगो तथा वातावरण मैत्री प्रविधिमा जोड दिने।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालीन खर्च संरचनाको योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

**तालिका ४८ : सडक, पुल तथा यातायात उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाइ | आ.व. २०८०/०८१ सम्मको उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| पक्कि तथा कालोपत्रे सडक | कि.मि | ३.४५५ | ४.५६ | ५ | ५ | ५ |
| ग्राभेल सडक | कि.मि | १८.३४ | २०.२ | २१ | २१ | २१ |
| कच्ची सडक | कि.मि | २.१४५ | २.५ | ३ | ३ | ३ |

*स्रोतः विषयगत विवरण*

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

**तालिका ४९ : सडक, पुल तथा यातायात उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेट श्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | प्रदेश सरकार | नेपाल सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ६३८०० | २५५२० | ३८२८० | ० | ४७८५० | ९५७० | ६३८० | ० |
| २०८३/०८४ | ७०१८० | २८०७२ | ४२१०८ | ० | ५२६३५ | १०५२७ | ७०१८ | ० |
| २०८४/०८५ | ७७१९८ | ३०८७९ | ४६३१९ | ० | ५७८९९ | ११५८० | ७७२० | ० |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

**तालिका ५० : सडक, पुल तथा यातायात उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | मर्मत सम्भार कोष | सडक, पुल, यातायात जस्ता भौतिक पूर्वाधारको मर्मत सम्भार गर्नु | सालबसाली | २००० | सडक, पुल, यातायात जस्ता भौतिक पूर्वाधारको मर्मत सम्भार भएको हुनेछ। |
| २ | पूर्वाधार निर्माण साझेदारी कार्यक्रम ७०/३० | सडक, पुल, यातायात जस्ता भौतिक पूर्वाधारको साझेदारीमा निर्माण गर्नु | सालबसाली | ११५०० | सडक, पुल, यातायात जस्ता भौतिक पूर्वाधारको साझेदारीमा निर्माण भएको हुनेछ। |

| क्र. स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु र समाप्ति) | कुल लागत रु. हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | ह्युमपाइप खरिद | सडक यातायातको व्यवस्थापन गर्नु | सालबसाली | १००० | ह्युमपाइप खरिद भई सडक यातायातको व्यवस्थापन भएको हुनेछ। |
| ४ | विभिन्न पेभर्स सडक निर्माण | पेभर्स सडक निर्माण गर्नु | सालबसाली | ३०००० | पेभर्स सडक निर्माण भएको हुनेछ। |
| ५ | छवि घिमिरेको घर दक्षिण पैनीमा ड्रेन निर्माण | सडक यातायातको व्यवस्थापन गर्नु | सालबसाली | ५०० | छवि घिमिरेको घर दक्षिण पैनीमा ड्रेन निर्माण भएको हुनेछ। |
| ६ | सडक, पुल तथा यातायात उप-क्षेत्रका पालिका स्तरीय अन्य (ड्रेन, सडक निर्माण तथा स्तारुन्नती) | सडक यातायातको विकास गर्नु | सालबसाली | २३०० | सडक यातायातको विकास भएको हुनेछ। |
| ७ | सडक, पुल तथा यातायात उप-क्षेत्रका वडा स्तरीय अन्य (क्यानल निर्माण, फलामे पुल निर्माण, ढलान, स्लाब निर्माण, नाला निर्माण, कल्भर्ट निर्माण लगायत) | सडक, पुल तथा यातायातको विकास गर्नु | सालबसाली | १६५०० | वडा नं. १, २, ३, ४, ५, ६, ७ मा सडक, पुल तथा यातायातको विकास भएको हुनेछ। |

### ५.२.९ जोखिम तथा अनुमान

सडक निर्माण तथा स्तरोन्नतीमा अन्तर सरकार सहकार्यमा वृद्धि भएको हुनेछ। उपभोक्ता समिती तथा सबन्धित सरोकारवालाको सक्रिय सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्छ।

## ५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

### ५.३.१ पृष्ठभूमि

बुद्धशान्ति गाउँपालिकामा जलश्रोतको सहज उपलब्धता रहेको छ। गाउँपालिकामा करीव ९८.५ प्रतिशत घरधुरीले वत्ती बाल्ने प्रयोजनका लागि विद्युतीय उर्जाको उपयोगको अभ्यास रहेका, पछिल्ला दिनमा खाना पकाउने उर्जाको श्रोतका रुपमा दाउराको उपयोगमा कमी आएको छ भने आयातित उर्जामा निर्भरता बढेको र खाना पकाउने उर्जाको प्रमुख श्रोतमा एल.पी. ग्यास, दाउरा तथा वायो ग्यास रहेको छ। गाउँपालिकाले परम्परागत उर्जामा निर्भर परिवारलाई अनुदान सहितको बैकल्पिक उर्जाको प्रयोगमा प्रोत्साहन गरिरहेको छ।

### ५.३.२ समस्या तथा चुनौती

नदी प्रदुषण र जलाधार क्षेत्रको विनास र जलश्रोतको कम उपयोगका कारण उत्पादन बढ्न नसक्नु, एल.पी. ग्यासको बढ्दो प्रयोग तथा विद्युतको नियमित आपूर्तिमा कमी, ऊर्जाको उपयोग प्रवर्धनका लागि जनचेतना अभिवृद्धि र प्रोत्साहन, वैकल्पिक उर्जाको विस्तार गर्न नसक्नु चुनौतिका रुपमा रहेको छ।

### ५.३.३ सोच

“ऊर्जामा पूर्ण पूर्वाधारयुक्त गाउँपालिका”

### ५.३.४ उद्देश्य

क. ऊर्जामा सबै गाउँपालिका बासीको पहुँच पुर्याउनु,
ख. ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु।

### ५.३.५ रणनीति

१. विद्युतीकरण नभएका स्थानहरूमा विद्युत सेवा विस्तार गर्ने,
२. विद्युत क्षमता वृद्धि गर्ने,
३. वैकल्पिक ऊर्जा प्रवर्धन गर्ने,
४. विद्युत चुहावट नियन्त्रण गर्ने,
५. जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

मध्यमकालीन खर्च संरचनाको कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य प्रस्तुत गरिएको छ :

तालिका ५१ : जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक/लक्ष्य | एकाइ | आ.व. २०८०/०८१ सम्मको उपलब्धि | चालु आ.व. २०८१/०८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| खाना पकाउन प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | २८.३ | २८ | २७.७ | २७.४ | २७ |
| विद्युत्बाट खाना बनाउने परिवार | प्रतिशत | ०.३ | ०.५ | १ | २ | ३ |
| गोबर/बायो ग्यास | प्रतिशत | ५.५ | ५.४ | ५.३ | ५.२ | ५.१ |
| एल.पी. ग्यास प्रयोग गर्ने घर परिवार | प्रतिशत | ६५.७ | ६५.६ | ६५.५ | ६५.४ | ६५.३ |

*स्रोत: जनगणना २०७८*

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान प्रस्तुत गरिएको छ :

तालिका ५२ : जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेट श्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/०८३ | ३१०० | १२४० | १८६० | ० | २३२५ | ४६५ | ३१० | ० |
| २०८३/०८४ | ३४१० | १३६४ | २०४६ | ० | २५५८ | ५१२ | ३४१ | ० |
| २०८४/०८५ | ३७५१ | १५०० | २२५१ | ० | २८१३ | ५६३ | ३७५ | ० |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ :

## तालिका ५३ : जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा उप-क्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण

